सम्पूर्ण प्रगतिशील, देशभक्त, वामपन्थी तथा जनवादी विद्यार्थीहरू एकजुट होऔँ !



# cg]/f:jljo'/ cg]/f:jljo"-qmflGtsf/L_ aLrdf ;DkGg Pstfsf]

# राजनैतिक तथा शैक्षिक प्रतिवेदन – २०७५

## अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) बीचमा सम्पन्न एकताको

# राजनैतिक तथा शैक्षिक प्रतिवेदन – २०७५

१. पृष्ठभूमी

नेपाली जनता र नेपाल राष्ट्रका पक्षमा गौरवपूर्ण र ऐतिहासिक किर्तिमान कायम गर्न नेतृत्वदायी भूमिका खेलेका देशका दुई ठुला कम्युनिष्ट पार्टीहरू नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच मदन आश्रित स्मृति दिवसमा २०७५ जेठ ३ गते दूरगामी महत्त्वको एकता सम्पन्न भएको छ। यो एकताले राष्ट्रिय राजनितिका लागि मात्र होइन तथा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका लागि समेत नयाँ सन्देश, उर्जा र उत्साह प्रवाह गरेको छ। पार्टी एकताको सँगसँगै देशका दुई ठुला विद्यार्थी संगठन अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) बीचको एकता नेपाली विद्यार्थी आन्दोलनको इतिहास महत्त्वपूर्ण, दूरगामी, अविस्मरणिय परिघटना हो। यसले न्यायप्रेमी विद्यार्थीहरूको एउटै वाम विद्यार्थी संगठन निर्माणको आकाङ्क्षालाई मूर्त रूप दिएको छ। नेपालको शैक्षिक परिवर्तनको आन्दोलनलाई गुणात्मक ढङ्गले अगाडि बढाउने आशा र विश्वासको दियालो बोकेको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई ग्यारेन्टी गर्ने दायित्व बोकेको छ। संविधान प्रदत्त शैक्षिक अधिकारको ग्यारेन्टी मात्र नभई समाजवादी शिक्षा प्राप्तिको मार्ग तय गरेको छ। यस महत्त्वपूर्ण घडीमा विद्यार्थी आन्दोलनका गौरवशाली साँढे पाँच दशकको अवधिमा न्याय, समानता र स्वतन्त्रताको लागि झापा आन्दोलन, ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र जनसंघर्ष तथा विद्यार्थी आन्दोलनमा आफ्नो अमूल्य जीवन अर्पण गर्नु हुने समस्त आदरणीय सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौँ। आन्दोलनका क्रममा घाइते तथा अङ्गभङ्ग हुनु भएका योद्धाहरू एवम् वेपत्ता पारिएका व्यक्ति तथा सम्वद्ध परिवारहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछौँ। नेपालको विद्यार्थी आन्दोलनलाई निरन्तर साथ, समर्थन र ऐक्यबद्धता प्रकट गर्ने सबैप्रति आभार व्यक्त

गर्दछौँ । टुटफूट र विभाजनको दुःखदायी श्रृङ्खलालाई अन्त्य गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच भएको यो पार्टी एकता नेपाली इतिहासकै दूरगामी र अविस्मरणीय परिघटना हो । यस एकताले कमरेड पुष्पलाल लगायत अग्रजहरूको ऐतिहासिक पार्टी निर्माणको प्रक्रियामा टुट्न पुगेको इतिहासको कडीलाई मात्रै जोडेको छैन, न्यायप्रेमी नेपाली जनताको बर्षौं पुरानो आकाङ्क्षालाई पनि मूर्त रूप दिएको छ । यसले मुलुकको राजनीतिक शक्ति सन्तुलन गुणात्मक र सकारात्मक ढङ्गले बदलिएको छ । यसले राष्ट्रियता, लोकतन्त्र, राजनीतिक स्थायित्व तथा देशको समृद्धिका लागि ठोस योगदान गरेको छ र नेपाललाई एक्काइसौँ शताब्दीको पहिलो समाजवादी मुलुकका रूपमा स्थापित गर्ने आधार तयार गरेको छ । यस सिलशिलामा अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) बीचको एकताको कामलाई सम्पन्न गर्ने यस ऐतिहासिक अवसरमा राजनीतिक तथा शैक्षिक प्रतिवेदन मार्फत एकीकृत विद्यार्थी संगठन अनेरास्ववियूको दृष्टिकोण र धारणाहरू स्पष्ट गर्दछौँ ।

## १. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र अन्तर्राष्ट्रिय सम्बन्ध :

वर्तमान युग आम रूपमा रूसी अक्टोबर क्रान्ति पश्चात् सुरू भएको साम्राज्यवाद र सर्वहारा क्रान्तिकै युगका रूपमा रहेको भएता पनि साम्राज्यवाद, सर्वहारा वर्ग र क्रान्तिका धेरै आयामहरूमा भने महत्त्वपूर्ण परिवर्तनहरू देखा परेका छन् । श्रम र पुँजी बीच, समाजवाद र पुँजीवाद बीच, साम्राज्यवाद-साम्राज्यवाद बीच र विश्व साम्राज्यवाद तथा उत्पीडित राष्ट्रहरू बीचका आधारभूत अन्तर्विरोधहरू अहिले पनि कायमै छन, तर विश्व साम्राज्यवाद र उत्पीडित राष्ट्र बीचको अन्तरविरोध प्रखर र प्रमुख रूपमा अभिव्यक्त भइरहेको छ ।

यतिबेला विश्वमा आर्थिक विषमता भयावह बन्दै गइरहेको छ । मुट्ठीभर बहुराष्ट्रिय निगमहरूका हातमा विश्वको अधिकांश सम्पत्ति थुप्रिदै जानु, विश्वव्यापी गरिबीको समस्या बढ्दै जानु

र बेरोजगारी विकराल बन्नु वर्तमान समयका सबैभन्दा ठुला चुनौति हुन् । उत्पादनका साधन र स्रोतमा उत्पादक शक्तिको पहुँच झनै कमजोर बनेको छ र ती एकाधिकार पुँजीपति वर्गको हातमा केन्द्रित छन् ।

वित्तीय एकाधिकार पुँजीवादको सबैभन्दा बढी असर तेस्रो विश्वका मुलुकहरू माथि परेको छ । स्वदेशी कृषि र औद्योगिक उत्पादन विस्थापित भएर ती मुलुकहरू शक्तिशाली बहुराष्ट्रिय निगमका बजार जस्तो बन्न पुगेका छन् । वस्तु आयात गरेर निर्वाह गर्नुपर्ने स्थितिले तेस्रो विश्वका मुलुकहरूमा अत्यधिक परनिर्भरताको स्थिति सिर्जना गरिदिएको छ । कृषि र औद्योगिक उत्पादनको विस्थापनबाट सबैभन्दा ठुलो मार युवा श्रमशक्तिलाई परेको छ । ती मुलुकहरू श्रमशक्ति निर्यात गरेर त्यसबाट प्राप्त विप्रेषण रकम (रेमिट्यान्स) को भरमा जीवन निर्वाह गर्नुपर्ने उपभोक्तावादी समाजमा परिणत हुँदैछन् ।

वित्तीय एकाधिकारवादी दलाल पुँजीवादले विद्यमान वर्गीय, क्षेत्रीय, लैङ्गीक र जातीय समस्याहरूलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गरिरहेको छ । सामन्तवादले छोडेका विभेद र उत्पीडनका विरासतलाई दुरपयोग गर्दै विश्व साम्राज्यवादी शक्तिहरूले ' फुटाउ र शासन गर'को नीति प्रयोग गरिरहेका छन् । जनतालाई प्राकृतिक स्रोत र साधन माथिको स्वामित्वबाट विस्थापन गर्ने, जातीय, क्षेत्रीय तथा धार्मिक प्रकृतिका साम्प्रदायिक द्वन्द्वहरू सिर्जना गराउने, आन्तरिक द्वन्द्वमा फसाएर तेस्रो विश्वका देशहरूको राष्ट्रियतालाई समाप्त पार्ने षड्यन्त्रहरू भइरहेका छन् ।

शक्ति राष्ट्रहरू आणविक अस्त्रमाथि नियन्त्रण कायम गर्दै हतियार व्यापारको निम्ति विश्वव्यापी प्रभुत्व कायम गरिरहेका छन् । इस्लामिक आतङ्कवादको विरोधको नाममा इराक, अफगानिस्तान, सिरियालगायतका अधिकांश खाडी मुलूकहरूमा युद्ध थोपरिएको छ । युद्धको भित्री आशय भने खाडी क्षेत्रबाट तेल र ग्याँसलगायतका प्राकृतिक स्रोतहरूको दोहन गर्नुमा

केन्द्रित छ । सिरियाको युद्धबाट लाखौँ निर्दोषहरूको नरसंहार भएर भयावह मानवीय सङ्कट सिर्जना भएको छ । कोरियाली प्रायद्वीपमा बढ्दो अमेरिकी गतिविधिले तनाव सिर्जना गरेको छ । आतङ्कवाद र विभिन्न रूपमा प्रकट हुँदै गरेका जातीय एवम् धार्मिक अतिवाद विश्व शान्ति, सामाजिक सद्भाव र सांस्कृतिक एकताका लागि चुनौति बन्दै गएका छन् ।

विश्व वित्तीय पुँजीवाद गम्भीर सङ्कट र मन्दीबाट गुज्रिरहेको बेला जनवादी गणतन्त्र चीन लगायतका मुलुकहरूले भने अर्थतन्त्रको क्षेत्रमा गुणात्मक फड्को मारेका छन् । चीन विश्वको दोस्रो आर्थिक शक्तिको रूपमा स्थापित भएको छ र निकट भविष्यमै पहिलो आर्थिक शक्तिका रूपमा स्थापित हुने दिशामा अग्रसर छ । केही दशकभित्रै चीनले हासिल गरेको चमत्कारिक उपलब्धी प्रेरणादायी छ । आर्थिक विकास, यातायात लगायत आवागमन सम्पर्क (कनेक्टिभिटी) र विभिन्न मुलूक र सभ्यताका बीचमा सम्बन्ध जोड्ने उद्देश्यका साथ चीनले अगाडि सारेको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' लाई विश्वका ७० भन्दा बढी मुलुकहरूले समर्थन गरेका छन् र विकासका नयाँ अवधारणाहरू विकास गर्दैछन् । चीनको यो अभूतपूर्व विकास, चीन, रूस, ब्राजिल, दक्षिण अफ्रिका र भारत बीच खडा गरिएको 'ब्रिक्स' संयन्त्र, एसियाली पूर्वाधार विकास बैंक लगायत वित्तीय संस्थाहरू र विभिन्न पहलकदमीहरूले नीति निर्माण र निर्णय प्रक्रियामा अमेरिका र युरोपको वर्चस्व कमजोर बन्दै गएको छ । एसिया क्रमशः आर्थिक विकासको केन्द्र बन्दै गएको छ र भूमण्डलीकृत पुँजीवादको ध्यान पनि यतै केन्द्रित हुँदैछ । अमेरिकी नेतृत्वको एक ध्रुवीय शक्तिलाई चुनौती दिंदै विश्व बहुध्रुवीय दिशातर्फ अग्रसर भइरहेको छ । यससँगै नयाँ–नयाँ अवसर र चुनौतीहरू पनि सिर्जना भएका छन् ।

राष्ट्रिय स्वाधीनता र श्रमिक वर्गको मुक्तिको दिशा नै आजको कम्युनिष्ट तथा वामपन्थी आन्दोलनको मूल प्रवृत्तिका रूपमा रहेको छ । वित्तीय एकाधिकार पुँजीवादको वर्चस्वलाई विस्थापित गरी

राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्दै आर्थिक आत्मनिर्भरता हासिल गर्न सकियो भने मात्रै राष्ट्रिय स्वाधीनता सुदृढ गर्न सकिने छ र समाजवादी क्रान्तिको आधारभूमि तयार गर्न सकिने छ । वित्तीय भूमण्डलीकृत साम्राज्यवादले जुन सङ्कट उत्पन्न गराइराखेको छ, त्यसबाट मुक्तिको लागि एक मात्र विकल्प भनेको राष्ट्रिय स्वाधीनता सहितको समाजवाद नै हो । वर्तमान सङ्कटले समाजवादको आवश्यकता र औचित्यतालाई झनै पुनः पुष्टि गर्दै लगेको छ । नेपालको सन्दर्भमा सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र स्वाधिनताको रक्षा गर्दै जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्ने तथा राष्ट्रिय स्वाधीन अर्थतन्त्रको निर्माण गर्दै समाजवादका आधार तयार गर्ने बाटो नै अहिलेको क्रान्तिको कार्यदिशा रहेको छ । पञ्चशीलको सिद्धान्त र संयुक्त राष्ट्रसंघको वडापत्रको आधारमा समानता, स्वतन्त्रता र पारस्परिक आपसी राष्ट्रिय हितको आधारमा कुटनीतिक सम्बन्ध विस्तार गर्ने, उत्पीडित राष्ट्रहरू तथा श्रमजीवि वर्गका हक, हित र मुक्तिका आन्दोलनमा ऐक्यवद्धता जाहेर गर्ने र आफ्नो ठाउँबाट विश्व शान्ति, न्याय र समानताको आन्दोलनलाई सघाउने हाम्रो नीति हुनुपर्दछ । विद्यार्थी आन्दोलनका हकमा विश्वव्यापी रूपमा विश्वशान्ति, न्याय, समानता तथा शैक्षिक अधिकारको पक्षमा संघर्षरत युवा तथा विद्यार्थी संघ संगठन बीचमा भाईचारा सम्बन्ध स्थापित गर्नु र साम्राज्यवाद विरूद्धको संघर्षमा एक्येबद्धता कायम गर्नु मुख्य दायित्व हुनेछ ।

## २. वर्तमान राष्ट्रिय परिस्थिति :

नेपाली जनताको ठुलो वलिदानीपूर्ण संघर्षको परिणाम स्वरूप संविधान सभाबाट निर्माण भएको नेपालको संविधान अहिले कार्यान्वयनको प्रक्रियामा अघि बढिसकेको छ । संविधान कार्यान्वयनको पहिलो चरणको मुख्य र महत्त्वपूर्ण कार्यभार संघ, प्रदेश र स्थानीय तहको निर्वाचन पूरा भइसकेको छ । निर्वाचन सम्पन्न भएसँगै परिवर्तनले संस्थागत आकार ग्रहण गरेको छ । निर्वाचनमा नेकपाले (तत्कालीन वामपन्थी गठबन्धन)

करिब दुई तिहाई निकटको बहुमतको जनादेश प्राप्त गरेको छ र त्यस अनुरूप संघीय सरकार र ६ वटा प्रदेशमा पनि नेकपाकै नेतृत्वमा सरकार गठन भइसकेको छ । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको पनि निर्वाचन भइसकेको छ ।

निर्वाचनले नेकपालाई पर्याप्त बहुमत दिएर आर्थिक क्रान्तिको ढोका खोल्ने अवसर प्रदान गरेको छ । नेपाली काँग्रेसलाई राष्ट्रको नेतृत्व गर्न र देशको आजको कार्यभार पूरा गर्न नसक्ने शक्तिको रूपमा पछाडि धकेलिदिएको छ । राजतन्त्र र हिन्दु राज्यको पक्षमा रहेको राप्रपाका विभिन्न चिराहरू निर्वाचनमा जनताद्वारा बढारिएका छन् । मधेश केन्द्रित पार्टीहरूले मधेसको मनोविज्ञान र भावनाको दुरपयोग गर्दै आफ्नो राजनीतिक अस्तित्व धान्ने स्थिति बनाएका छन् ।

जनताले क्रान्तिको नेतृत्व गर्ने र राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै सामाजिक-आर्थिक रूपान्तरणद्वारा सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न नेतृत्व गर्ने शक्तिका रूपमा नेपाल कम्युनिष्ट पार्टीलाई बैधानिक अवसर दिएको छ । तर अहिले प्रमुख प्रतिपक्ष बनेको नेपाली काँग्रेस चुनावबाट पराजित भएपछि लोकतान्त्रिक मूल्य मान्यतामा आधारित जिम्मेवार भूमिका निर्वाह गर्न सकिरहेको छैन । निर्वाचनबाट जनताले स्थिर सरकार मार्फत राजनीतिक स्थायित्वको पक्षमा जनादेश दिएका छन् । यो सरकारले पूरा अवधि मुलुकको नेतृत्व गर्नेछ । सरकारको नेतृत्वमा समृद्धिको अभियानले राजनीतिक स्थिरताको थप बलियो आधार प्रदान गर्नेछ । तर राजनीतिक स्थायित्वका लागि संविधान प्रदत्त अधिकार जनताको सबै हिस्साले व्यवहारमा उपभोग गर्नपाउने कुरा सुनिश्चित गरिनुपर्दछ । त्यसका लागि आवश्यक कानूनको निर्माण समयमै गर्दै व्यावहारिक प्रत्याभूति पनि गरिनु पर्दछ । त्यसका अतिरिक्त उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको असहमति, असन्तुष्टि, मनोविज्ञान र अपेक्षालाई सम्बोधन गर्न पनि त्यत्तिकै ध्यान दिनु पर्दछ ।

माओवादी जनयुद्ध र २०६२/०६३ सालको ऐतिहासिक क्रान्तिपछि विकसित राजनीतिक परिस्थितिसँगै नेपाली समाज ऐतिहासिक विकासक्रमको हिसाबले नयाँ चरणमा प्रवेश गरेको छ। सामन्तवाद विघटन र पतन भएर समाज पुँजीवादी चरणमा प्रवेश गर्नु, संविधान सभाबाट संविधान निर्माण भएर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र संस्थागत हुनु, नेपाली जनता संवैधानिक र व्यावहारिक दुबै दृष्टिले सार्वभौम बन्नु, बाह्य दबाव र हस्तक्षेपलाई अस्वीकार गर्दै नेपालले संविधान निर्माण लगायत आफ्ना आन्तरिक विषयहरूमा आफ्नो स्वतन्त्र निर्णय गर्दै राष्ट्रिय स्वाधिनता र स्वाभिमानलाई स्थापित गर्नु, निर्वाचनका माध्यमबाट संघीय, प्रदेश तथा स्थानीय तिनै तहमा वामपन्थी शक्तिहरू झण्डै दुई तिहाइ शक्तिका साथ नेतृत्वमा स्थापित हुनु र शान्तिपूर्ण तथा वैधानिक बाटोबाट समाजवाद निर्माणका आधारहरू बलियो बन्दै जानु यस नयाँ चरणका विशेषताका रूपमा रहेका छन् ।

यतिबेला दलाल तथा नोकरशाही पुँजीवाद हाम्रो समाजमा राष्ट्रिय पुँजीको विकासका लागि मुख्य अवरोधका रूपमा रहेको छ। त्यसका अतिरिक्त बिना लगानी र श्रम ठुलो मात्राको आम्दानी गर्ने यसै वर्गको प्रभावका कारण समाजमा उपभोक्तावाद चरम रूपमा प्रोत्साहित भएको छ। यो वर्गले उत्पादनशील क्षेत्रमा लगानी गर्नुको सट्टा बंगला, कार, होटेल, रेष्टुराँ, फर्निसिङ्ग, ब्युटिपार्लर, भोज भतेर, क्लब, बार, गहना, महँगा कपडा आदि विलासितामा खर्च गर्दछ। त्यसले गर्दा पुरै समाजमा उपभोक्तावादी संस्कृति बढ्दै गइरहेको छ। विप्रेषणबाट प्राप्त रकमको ठुलो हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भईराखेको छ। आधारभूत आवश्यकताका विषयमा खर्च गर्न धौ–धौ पर्ने परिवारले पनि ऋण खोजेर वा अचल सम्पति बेचेर "सामाजिक हैसियत" कायम राख्ने नाममा विलासिताका वस्तुको उपभोग गरिरहेका छन्। यो प्रक्रियाले समाजको आर्थिक विकासलाई नकारात्मक ढङ्गले प्रभावित गरिरहेको छ।

**४. राजनीतिक तथा सांगठनिक कार्यदिशा :**

पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपले सम्पन्न भएसँगै नेपाली समाज आम रूपमा समाजवादी क्रान्तिको ऐतिहासिक चरणमा प्रवेश गरेको छ । त्यसैले नेपाली क्रान्तिको दीर्घकालीन र रणनीतिक लक्ष्य समाजवादको स्थापना हो । तदनुरूप क्रान्तिको आम रणनीति नेपाली समाजलाई समाजवादमा रूपान्तरण गर्नु, समाजवाद निर्माण गर्नु वा समाजवादी क्रान्ति सन्पन्न गर्नु हो, तर अहिले नै हामी समाजवादमा सङ्क्रमण वा रूपान्तरण गर्ने समाजवादी कार्यक्रम लागू गर्ने, समाजवाद निर्माण गर्ने वा समाजवादी क्रान्ति सम्पन्न गर्ने तहमा पुगेका छैनौँ । पुँजीवादी उत्पादक शक्तिको विकास कमजोर रहेको, राष्ट्रिय स्वाधीन अर्थतन्त्रको विकास भइनसकेको, मुलुक अत्याधिक परनिर्भरताबाट गुज्रिरहेकोलगायत कारणले अहिले नै समाजवाद निर्माणका निम्ति उत्पादन लगायत अन्य भौतिक आधार खडा भएको छैन । पुँजीवादी जनवादी क्रान्तिको बाँकी कार्यभार पूरा गर्दै समाजवादको आधार निर्माण, राष्ट्रिय पुँजीवादी उत्पादक शक्तिको विकास, राष्ट्रिय पुँजीवादी आर्थिक क्रान्ति र समृद्धि नै नेपाली कम्युनिष्ट आन्दोलनको आजको तत्कालिक मूल कार्यदिशा र कार्यभार हुनेछ । नेपाल कम्युनिष्ट पार्टीले अवलम्बन गरेको समाजवाद उन्मुख राष्ट्रिय पुँजीवादको विकास र सामाजिक न्यायसहितको समृद्धि हाम्रो तत्कालिक राजनैतिक दिशा, कार्यभार र लक्ष्य हुनेछ । अझ ठोस रूपमा भन्ने हो भने संविधानको कार्यान्वयन र विकास, शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धा मार्फत सरकार निर्माण, राष्ट्रिय स्वाधीनता एवम् हितको रक्षा, समाजवाद उन्मुख समावेशी लोकतन्त्रको सफल प्रयोग, सामाजिक न्याय सहितको समृद्धि र समाजवादको आधार निर्माण गर्ने मूल राजनीतिक कार्यदिशाको सेवा गर्दै संविधानतः शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्ने र शिक्षालाई वैज्ञानिक, व्यावहारिक र जीवनउपयोगी बनाउने कुरामा प्राप्त भएका जनवादी शिक्षाका उपलब्धीलाई संस्थागत गर्दै समाजवादी शिक्षा प्राप्तिको लक्ष्यसहित विद्यार्थी आन्दोलनको नेतृत्व गर्नु हाम्रो आजको महत्त्वपूर्ण कार्यभार हो ।

## ५. नेपाली विद्यार्थी आन्दोलनको संक्षिप्त इतिहास :

### नेपाली छात्र संघ :

- वि.सं. १९९१ मा भारतको बनारसमा अध्ययनरत विद्यार्थीहरूले नेपाली छात्र संघको गठन गरे ।
- वि.सं. १९९७ माघ १६ गते शोभा भगवतीमा झुण्ड्याएर त्रिचन्द्र क्याम्पसका विद्यार्थी एवम् नेपालको पहिलो राजनीतिक पार्टी नेपाल प्रजा परिषद्का सदस्य गंगालाल श्रेष्ठलाई राणा शासकले फाँसी दिए । त्यस कारण गंगालाल श्रेष्ठलाई विद्यार्थी आन्दोलनका प्रथम सहिद मानिन्छ ।
- वि.सं. २००१ मा भारतको कलकत्तामा अध्ययनरत नेपाली विद्यार्थीहरूले हिमाञ्चल विद्यार्थी संघ गठन गरे ।

### 'जयन्तु संस्कृतम्' :

वि.सं. २००४ साल असार १ गते तीनधारा पाठशालामा अध्ययनरत विद्यार्थीहरूले 'जयतु संस्कृतम्' नामबाट संगठित विद्यार्थी आन्दोलन सुरू गरे । यसका मागहरू रूपमा शिक्षामा कर्मकाण्ड बाहेक इतिहास, भूगोल, अर्थशास्त्र आदि विषयहरू समावेश गरिनुपर्ने भएता पनि सारमा भने राणा शासनको संगठित रूपमा विरोध गर्नु र संघर्ष चलाउनु थियो । यसै क्रममा २००४ मंसिर २२ गते संस्कृत छात्रावास काठमाडौंबाट ४३ जना विद्यार्थीलाई निष्कासन गरि केहीलाई देशनिकाला समेत गरियो ।

### अखिल नेपाल विद्यार्थी फेडरेशन (अ.ने.वि.फे.) :

वि.सं. २००६ साल असार १७ गते भूमिगत रूपमा प्रचण्डराज सिंहको नेतृत्वमा अखिल नेपाल विद्यार्थी फेडरेशन (अ.ने.वि.फे.) गठन गरियो । यो नै नेपाली विद्यार्थी आन्दोलनको पहिलो संगठन हो ।

वि.सं. २००७ साल पुस २४ गते भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यमस्थतामा त्रिपक्षीय (राणा, राजा र काँग्रेस) राष्ट्रघाती दिल्ली सम्झौता भयो । अखिल नेपाल विद्यार्थी फेडरेशनले उक्त धोकापूर्ण दिल्ली सम्झौताको तीव्र भण्डाफोर

गर्दै विविध विरोधका कार्यक्रम सञ्चालन गर्न थाल्यो । आन्दोलनको क्रममा २००८ साल कार्तिक २० गते आयोजित विरोध जुलुसमा सरकारले अन्धाधुन्ध गोली चलायो । कार्यक्रममा सक्रिय सहभागी संगठनका होनहार सदस्य, विश्वनिकेतन हाइस्कूलमा पढ्ने १४ बर्षका विद्यार्थी चिनियाँकाजी श्रेष्ठ 'उदास' को भूगोलपार्क काठमाडौंमा हत्या भयो । त्यतिबेला सरकारमा राणाकालीन अन्तिम प्रधानमन्त्री मोहन शम्शेर थिए भने गृहमन्त्री विश्वेश्वरप्रसाद कोइराला थिए ।

वि.सं. २००९ को भीमदत्त पन्तको विद्रोह दबाउन गरिएको भारतीय सेनाको प्रयोग, २०१० को कोशी सम्झौता विरूद्धको संघर्ष गर्दैगर्दा नेपाल छात्र संघ, संस्कृत छात्र संघ, अन्तरकलेज विद्यार्थी यूनियन लगायतलाई एकताबद्ध बनाउने प्रयत्न अ.ने.वि.फे. ले गर्‍यो । यही बीच २००९ मा कम्युनिष्ट पार्टीले योङ्ग कम्युनिष्ट लिगको गठन गर्‍यो ।

**नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन (ने.रा.वि.फे.) :**
बि.सं. २०११ सालमा अखिल नेपाल विद्यार्थी फेडरेनशनले आफ्नो पहिलो राष्ट्रिय सम्मेलन गर्‍यो । बि.सं. २०१३ सालमा अखिल नेपाल विद्यार्थी फेडरेशन र उपत्यकामा क्रियाशील अन्तरकलेज विद्यार्थी यूनियन बीच एकता सम्मेलन भएर नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशन (ने.रा.वि.फे.) को गठन गरियो । यस बीचमा विद्यार्थी आन्दोलनमा अखिल नेपाल विद्यार्थी फेडरेशन बाहेक अन्तरकलेज विद्यार्थी युनियन, नेपाल छात्र संघ र संस्कृत छात्र संघ अस्तित्वमा थिए । नेपाल छात्र संघ र संस्कृत छात्र संघ यथास्थितिवादी विद्यार्थी संगठन भएकै कारण एकता प्रक्रियामा सामेल हुन इन्कार गरे ।

बि.सं. २०१९ सालमा शाही कम्युनिस्ट डा. केशरजङ्ग रायमाझी समर्थकहरूले नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनलाई फुटाई आफ्नो गुट अनुकूलको माझीपन्थी संगठन नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनको गठन गरे । नेपाल राष्ट्रिय विद्यार्थी फेडरेशनको मूलप्रवाहले पनि आफ्नो क्रान्तिकारी छविलाई बिगार्दै रूसी

संशोधनवादीहरूको पिछलग्गु बनेपछि क्रान्तिकारी विद्यार्थीहरूको अर्को छुट्टै संगठन निर्माण गर्नुपर्ने सोचको विकास हुँदै गयो । बि.सं. २०१९ मा क्रान्तिकारी विद्यार्थीहरू भारतको मुजफ्फरपुरमा भेला भई नेराविफेको नेतृत्वमा देखिएको वैचारिक विचलनका बारेमा व्यापक बहस गर्दै २०२० बाट अन्तरकलेज विद्यार्थी यूनियनका नाममा संगठित हुने र आन्दोलन उठाउने प्रयत्न गरे ।

बि.सं. २०२१ साल बैशाखमा त्रिचन्द्र कलेज विद्यार्थी यूनियनको क्रियाशीलता र व्यवस्थापनमा उपत्यकाव्यापी अन्तरकलेज विद्यार्थी सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले निम्न मागसहितको एउटा मागपत्र तयार गरी सशक्त संघर्ष सञ्चालन गर्ने निर्णय ग¥यो । गोर्खा भर्ती केन्द्र पूर्णतः खारेज गर्नुपर्ने, सबै राष्ट्रघाती असमान सन्धिहरूको खारेज गर्नुपर्ने, स्ववियू खोल्न पाउने अधिकारको बहाली गर्नुपर्ने, सम्पूर्ण बन्दी विद्यार्थीहरू विनासर्त रिहा गर्नुपर्ने लगायतका माग राखी पाँच दिनसम्म चलेर सम्मेलन सम्पन्न भएको खुशियालीमा जेठ १ गते विद्यार्थीहरूको विशाल जुलुस प्रदर्शन भयो । पञ्चायतीले विद्यार्थी जुलुसमाथि व्यापक दमन ग¥यो । पञ्चायती प्रहरीसँग आन्दोलनकारी विद्यार्थीहरूको भिडन्त हुँदा कैयौँ विद्यार्थी र प्रहरीहरू घाइते भए भने १५० भन्दा बढी विद्यार्थीहरू गिरफ्तार भए । उपत्यकाव्यापी आम हड्ताल सुरू भयो । फलस्वरूप स्ववियू खोल्न पाउने अधिकार वहाली र बन्दी विद्यार्थी रिहाइसहित कतिपय माग पूरा गर्न पञ्चायती सत्ता बाध्य भयो । यसरी आन्दोलनको जीत भएकोले हरेक वर्ष जेठ १ गतेलाई विद्यार्थी एकता दिवसको रूपमा मनाउँदै आइएको छ ।

बि.सं. २०२१ सालको अन्त्यतिर भारतको लखनऊमा प्रगतिशिल नेपाली विद्यार्थी नेताहरूको भेला सम्पन्न भयो । भेलाले रूसी संशोधनवादी धारबाट मुक्त भएको क्रान्तिकारी विद्यार्थी संगठन निर्माणको आवश्यकता महसुस गर्दै देशभित्रै भेला वा सम्मेलनको आयोजना गर्ने र सोको जिम्मा त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियनलाई दिने निधो गरियो ।

**अखिल नेपाल विद्यार्थी सम्मेलन अर्थात् अनेरास्ववियुको प्रथम राष्ट्रिय सम्मेलन :**
उपत्यकाव्यापी अन्तरकलेज विद्यार्थी सम्मेलनको सफलतापछि अझ उचाइमा विद्यार्थी आन्दोलनलाई पुऱ्याउने सोचअनुसार त्रिवि सभापति कमल चित्रकार र त्रिचन्द्रका सभापतिको संयुक्त संयोजकत्वमा ३५ सदस्यीय सचिवालय र विभिन्न उपसमिति बनाई २०२२ साल वैशाख ५ गते सम्मेलन गर्ने निधो भयो । तयारी समितिले सम्मेलनको केही दिन अगाडि पत्रकार सम्मेलन गरी देशभर जानकारी गराएको थियो । चैतको तेस्रो साता नै सरकारले आयोजक समितिका विद्यार्थीहरू गिरफ्तार गऱ्यो । ठुलो संख्यामा गिरफ्तारी भएपछि सम्मेलन उद्घाटन कायक्रम सम्पन्न हुन सकेन । विष्णुमतिको किनार, शोभाभगवतीको मन्दिर नजिकैको एक किसानको घरमा भूमिगत रूपमा अखिल नेपाल विद्यार्थी सम्मेलन सम्पन्न भयो । स्थापित अगुवा र चिनिएका नेताहरूबाट नेतृत्व गरेमा तत्काल गिरफ्तार पर्ने र आन्दोलनलाई असर पर्ने महसुस गरी त्रिपुरेश्वरस्थित शान्ति निकेतन हाइस्कुलमा कक्षा ९ मा अध्ययनरत सुजन (आत्मराम) खरेललाई संयोजक बनाइयो । ११ सदस्यीय केन्द्रीय समितिमा वाचस्पति देवकोटा, मोहनचन्द्र अधिकारी, भुवनलाल राजभण्डारी, विश्वकान्त मैनाली, दमननाथ ढुङ्गानाआदि थिए । अखिल नेपाल विद्यार्थी सम्मेलनको प्रथम सम्मेलन सम्पन्न भएलगतै यसै संगठनको तत्परतामा विद्यार्थी हकहितका साथै भारतीय विस्तारवादद्वारा सुस्ता र महेशपुरमा भएका सीमा अतिक्रमण विरूद्ध संघर्ष थालियो । अनेरास्ववियुले २०२२ जेठ १ गतेलाई संगठन स्थापना दिवस मनाउँदै आएको छ ।

**दोश्रो राष्ट्रिय सम्मेलन :**
त्रिवि यूनियन प्रगतिशील पक्षले जितेको र सभापति भुवनसिं राजभण्डारी हुनुहुन्थ्यो । त्रिवि युनियनको बैठकले गरेको निर्णयअनुसार २०२५ साल वैशाख ६, ७ र ८ गते त्रिभुवन विश्वविद्यालयमा दोश्रो अखिल नेपाल विद्यार्थी सम्मेलन सुरू भयो तर काँग्रेस पक्षधर विद्यार्थी र मण्डलेहरूले सम्मेलनमा

आक्रमण गरे । त्रिवि प्रशासन मौन रह्यो । दोहोरो भिडन्त गरेर आक्रमणकारीहरूलाई पराजित गरेर भगाइएको थियो । सम्मेलन सो दिन स्थगित गरी वैशाख ७ र ८ गते भूमिगत रूपमा सम्पन्न भएको थियो । सम्मेलनको विश्वकान्त मैनानीलाई कन्भेनर (संयोजक) मा निर्वाचन गऱ्यो । दोस्रो राष्ट्रिय सम्मेलनपछि संगठनले भारतीय चेकपोष्ट विरूद्ध र असमान वाणिज्य तथा पारवहन सन्धि विरूद्धमा असरदार संघर्ष सञ्चालन गऱ्यो । अखिलको दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्मेलन मान्ने की नमान्ने भन्ने विषयमा केन्द्रमा केही विवाद उठ्यो र यसले तल पनि प्रभाव पाऱ्यो । यो विवाद हल गर्नका लागि एउटा अस्थायी समिति (आयोग) खडा गरियो । उक्त समितिले दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्मेलन नै भन्ने निर्णय दिएपछि त्यसलाई सम्मेलन मानियो । साथै एक वर्ष भित्रै अर्को राष्ट्रिय सम्मेलन (तेस्रो) गर्नुपर्ने निर्णय पनि उक्त समितिले दिएर समस्याको सहज हल दिने काम गऱ्यो ।

**तेश्रो राष्ट्रिय सम्मेलन** :

२०२६ सालमा पाटन लुखुसीको ओमवहालमा २५ जिल्लाको सहभागितामा तेस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भयो । यही सम्मेलनले २०२५ को भेलालाई सम्मेलन भन्ने निर्णय गर्दै संगठनलाई वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनवादी विद्यार्थीहरूको साझा संगठन मानियो । यही सम्मेलनले कलम र तारा अङ्कित रक्तरञ्जित झण्डालाई संगठनको झण्डा बनाउने निर्णय गऱ्यो । सम्मेलनबाट राष्ट्रिय अन्तर्राष्ट्रिय ४६ विशेष प्रस्तावहरू, १२ नारा पारित गर्दै गोविन्दमान श्रेष्ठको अध्यक्षतामा २४ सदस्यीय केन्द्रीय समिति सर्वसम्मतिले चयन गरेको थियो । अखिलको तेस्रो राष्ट्रिय सम्मेलनलाई अत्यन्त महत्त्वपूर्ण सम्मेलन भनेर इतिहासमा लेखिएको छ । तेस्रो राष्ट्रिय सम्मेलनले संगठनको नामाकरण अ.ने.रा.स्व.वि.यू. गऱ्यो । संगठनको स्पष्ट विधान र नीति-कार्यक्रमसहित प्रतिवेदन तयार गऱ्यो । संगठनले सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद, र सबैखाले प्रतिक्रियावाद विरूद्ध संघर्ष गर्दै जनवादी शिक्षा प्रणाली स्थापना गर्ने स्पष्ट अभीष्ट राख्यो । अ.ने.रा.स्व.वि.यू.ले जनवादी शिक्षासहित

प्रगतिशील विचार अँगालेपछि प्रगतिशील विचार विरोधी समूहले २०२७ बैशाख २६ गते छुट्टै विद्यार्थी समूह 'नेपाल विद्यार्थी संघ (ने.वि.संघ) को गठन गरे । संगठित नेपाली विद्यार्थी आन्दोलनमा यो पहिलो फुट थियो ।

उक्त समूह अखिल भित्र अट्न नसक्नुमा फरक वर्गचरित्र हुनु, भिन्न राजनीतिक दृष्टिकोण हुनु, राष्ट्रियताप्रतिको सोच आत्मसमर्पणवादी हुनु आदि थिए ।

**चौथो राष्ट्रिय सम्मेलन** :
वि.सं. २०२८ मा पूर्वी नेपालको झापामा नक्सालवादी आन्दोलनको प्रभाव स्वरूप नेकपा (माले) कोशी प्रान्तीय कमिटीको अगुवाईमा वर्गशत्रु सफाया नामको चर्चित 'झापा विद्रोह' सञ्चालन भइरहेको थियो । यता त्यसैको प्रभाव स्वरूप विद्यार्थी आन्दोलनमा पनि बुर्जुवा शिक्षा बहिस्कार गर्दै सर्टिफिकेट च्यात्ने, जलाउने र विद्रोहमा सामेल हुने जस्ता कामहरू भइराखेका थिए । चिन्तनमा यान्त्रिकता र सैद्धान्तिक अस्पष्टताका बावजुद झापा विद्रोह वैचारिक रूपले संशोधनवादका विरूद्धको क्रान्तिकारी विद्रोह नै थियो । यसैक्रममा २०२९ असार ३ गते पाटनको च्यासलमा ४२ जिल्लाको प्रतिनिधित्वमा अ.ने.रा.स्व.वि.यू.को चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भयो र मुकुन्दबहादुर श्रेष्ठको अध्यक्षतामा केन्द्रीय समिति निर्माण भयो । यही बीचमा केन्द्रीय न्यूक्लियसको मुख्य नेतृत्व गर्ने मोहनविक्रम सिंहले विचार, राजनीतिक कार्यदिशा र लक्ष्यको हिसाबले सकारात्मक दिशामा अघि बढेका पुष्पलाललाई गद्दारको संज्ञा दिएका थिए, जुन कुरा हाल आएर उनले नै गद्धार भन्नु गलत भएको स्वीकारोक्ति दिइसकेका छन् । यस्तो परिवेशमा विद्रोह ठिक तर वैधानिक संगठन र काम सुधारवाद हो भनिरहेका विद्यार्थीहरूले चौथो राष्ट्रिय सम्मेलन बहिस्कार गरे । चरम पञ्चायती दमन र बहिस्कारका बावजुद सम्पन्न चौथो राष्ट्रिय सम्मेलन लगतै २०२९ को भदौ, असोजमा भएको आन्दोलनको क्रममा धनुषाको जदुकुवा हाइस्कुलमा अध्ययनरत कामेश्वर मण्डल र कुशेश्वर मण्डललाई पञ्चायती शासकले हत्या गरे ।

चौथो राष्ट्रिय सम्मेलन पश्चात् अनेरास्ववियुभित्र व्यापक अन्तरविरोध बढ्दै जाँदा अनेरास्ववियु विभाजित भयो । पञ्चायती सरकारद्वारा २०२९ सालबाट विद्यार्थी संगठन माथि प्रतिबन्ध लगायो र अनेरास्ववियुबाट विभाजित विद्यार्थीहरूले २०३३ जेठ १० गते भारतको अयोध्यामा छुट्टै पाँचौं सम्मेलन आयोजना गरे । यो सम्मेलन पश्चात् एक अर्कामा चर्को मतविरोध सुरू भयो । अनेरास्ववियुको इतिहासमा पहिलो फुट भयो ।

**तत्कालीन नेकपा (माले) (हालको) साविकको एमाले निकट अनेरास्ववियु (एकताको पाँचौं) को संक्षिप्त संगठनात्मक इतिहास :**

**पाँचौं राष्ट्रिय सम्मेलन :**
२०३६ साल साउन १० गते नेकपा (माले) सँग वैचारिक सामीप्यता राख्ने विद्यार्थीहरूले पुल्चोक इन्जिनियरिङ क्याम्पसमा कार्यकर्ता भेलाको आयोजना गरी अनेरास्ववियु पाँचौं राष्ट्रिय सम्मेलन आयोजक कमिटी गठन गरे । भेलाले टंक कार्कीको संयोजकत्वमा आयोजक कमिटी गठन गरेको थियो । २०३६ मंसिर १९ गते आयोजक कमिटीमा पुनर्गठन गरियो । २०३६ चैत्र ९-११ काठमाडौंमा एकताको पाँचौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो । अध्यक्षमा टंक कार्की सर्वसम्मत हुनुभयो । अनेरास्ववियु (एकताको पाँचौं) का तर्फबाट एकता प्रयास भए पनि एकता प्रयासहरू विफल भए । भारतको अयोध्यामा पाँचौं सम्मेलन गरेको पक्षद्वारा २०३६ भदौको २१-२३ मा छैठौं सम्मेलन सम्पन्न गरे । तत्पश्चात् खुला रूपमै पाँचौं र छैठौंका रूपमा अनेरास्ववियुका दुई धार निर्माण भए । साविकको नेकपा (एमाले) सँग नजिक रहेको अनेरास्ववियुलाई एकताको पाँचौं निरन्तरताको रूपमा आजसम्म चिन्ने गरिएको छ ।

**छैठौं राष्ट्रिय सम्मेलन :**
२०३८ साल चैत १२, १३ र १४ गते छैठौं राष्ट्रिय सम्मेलन पुल्चोक इन्जिनियरिङ क्याम्पसमा भयो । चैत १० गते नै सम्मेलन स्थलको तयारीका बेला प्रहरीले धरपकड गरी नेता कार्यकर्तालाई गिरफ्तार गर्‍यो । प्रहरीको बर्बर दमनपछि केन्द्रीय कमिटीको

बैठक बसी १२ र १३ गते बन्द सत्र गर्ने निर्णय भयो । पुनः अध्यक्ष टंक कार्कीको अध्यक्षतामा सर्वसम्मतिले केन्द्रीय समिति चयन गरियो । २०३९ पछि नेपाल कम्युनिस्ट पार्टी (माले) भित्रको व्यापक अन्तरविरोधको कारण अनेरास्ववियुभित्र अन्तरविरोध पैदा भयो । छैठौँ सम्मेलनबाट निर्वाचित केन्द्रिय कमिटीलाई विघटन गरि गौरी प्रधानको संयोजकत्वमा सर्वसम्मतिले केन्द्रीय कमिटी निर्माण गरियो ।

**सातौँ राष्ट्रिय सम्मेलन** :
२०४० कार्तिक २६ र २७ गते अखिल केन्द्रीय कमिटीको बैठक बसी निर्णय लागू गरी गौरी प्रधानको संयोजकत्वमा ३७ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक कमिटी गठन गरियो । 'राजनीतिक स्वतन्त्रता प्राप्तिका लागि सम्पूर्ण युवाहरूलाई परिचालित गरौँ सातौँ राष्ट्रिय सम्मेलन भव्य रूपले सफल पारौँ' भन्ने मूल नाराका साथ चैत १४-१७ तोकिएको सम्मेलनमा चैत १४ गते नै प्रतिक्रियावादी शासकको नियन्त्रणमा रहेको प्रशासनिक संयन्त्रबाट व्यापक धरपकड भयो । सामन्ती व्यवस्था तथा निरङ्कुशता मुर्दावाद राजनीतिक स्वतन्त्रता पाउनैपर्छ, जनताको जुझारू एकता अमर रहोस, आदि नाराहरूले सम्मेलन सजिसजाउ भएको थियो । सम्मेलनबाट रामप्रसाद ज्ञवालीको अध्यक्षतामा १९ सदस्यीय केन्द्रीय कमिटी सर्वसम्मतिले गठन गरियो ।

**आठौँ राष्ट्रिय सम्मेलन** :
सम्मेलनमा 'सामाजिक परिवर्तनका निम्ति उपलब्धिहरूको रक्षा गर्दै एकीकृत अनेरास्ववियु निर्माण गरौँ ।' भन्ने मूल नारासहित अन्य ४६ नारा तय गरिएका थिए भने २७ प्रस्ताव पारित गरिएको थियो । २०४२ चैत ९ गते ६९ जिल्लाका ३०० भन्दा बढी प्रतिनिधिहरू र व्यापक जनसमुदायको उपस्थितिमा नेपाल मजदुर संगठनका केन्द्रीय अध्यक्ष कमलबहादुर लामाले आठौँ सम्मेलनको विधिवत उद्घाटन गर्नुभएको थियो । चन्द्र भण्डारीको अध्यक्षतामा २९ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित भयो ।

**नवौँ राष्ट्रिय सम्मेलन :**

वि.सं. २०४४ भदौ ४ गते बसेको केन्द्रीय कमिटीको चौथो पूर्ण बैठकले चन्द्र भण्डारीकै संयोजकत्वमा २५ सदस्यीय नवौँ सम्मेलन आयोजक कमिटी गठन गरेको थियो । संयोजक भण्डारी गिरफ्तार परेपछि कार्यसम्पादनका लागि आयोजक कमिटीको दोस्रो बैठक पुस २ गते उदयराज पाण्डेको अध्यक्षतामा र ३ गते घनश्याम भूसालको अध्यक्षतामा बसी घनश्याम भूसाललाई कार्यबाहक संयोजक बनाउनुका साथै २०४४ चैत ९-१५ नवौँ सम्मेलन गर्ने निर्णय भयो । 'एकीकृत अनेरास्ववियु निर्माण गर्दै प्रजातन्त्र प्राप्तिको लागि संयुक्त आन्दोलन अगाडि बढाऔँ ।' भन्ने मूल नारा तय गरिएको थियो । विभिन्न व्यक्तिहरूको घरघरमा बन्दसत्र गरी विधान प्रतिवेदन पारित गर्नुका साथै तुलबहादुर गुरूङको अध्यक्षतामा २६ सदस्यीय केन्द्रीय कमिटी गठन गरियो ।

**दशौँ राष्ट्रिय सम्मेलन :**

२०४६ साल भदौमा सम्पन्न चौथो महाधिवेशनले विभाजित कम्युनिष्ट पार्टीहरू बीच एकता गर्ने र आपसमा सहिष्णु रहँदै वैचारिक संघर्ष चलाउने निर्णय गरेपश्चात् नेकपा (माले) को आव्हानमा २०४६ माघ २ गते कम्युनिष्ट पार्टी बीच वाममोर्चा गठन भयो । यसको लगतै ३०४६ माघ ५ र ६ मा सम्पन्न राष्ट्रिय महाधिवेशनले एकतन्त्रीय पञ्चायती व्यवस्था विरूद्ध संघर्ष गर्न आव्हान गऱ्यो । 'आजको आवश्यकता संयुक्त संघर्ष, प्रजातन्त्रका लागि पञ्चायतको अन्त्य' भन्ने साझा नारा तय भएको थियो । 'जनताको हातमा सम्पूर्ण अधिकार, सबैका लागि शिक्षा र रोजगार' भन्ने मूल नारासहित २०४६ जेठ २४ गते पुल्चोक इन्जिनियरिङ क्याम्पसमा नेकपा (माले) का नेता तथा अनेरास्ववियुका संस्थापक मोहनचन्द्र अधिकारीद्वारा उद्घाटन भएको दशौँ राष्ट्रिय सम्मेलनले विधान र प्रतिवेदनलाई पारित गर्ने जिम्मा राष्ट्रिय परिषद्लाई दिनुका साथै कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गऱ्यो । सम्मेलनले तुलबहादुर गुरूङको अध्यक्षतामा ७१ सदस्यीय राष्ट्रिय परिषद्, ३१ सदस्यीय केन्द्रीय कमिटी र १३ सदस्यीय सचिवालय गठन गरेको थियो ।

**एघारौँ राष्ट्रिय सम्मेलन :**
२०४७ साल चैत ५ गते अनेरास्ववियु (एकताको पाँचौँ), नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेसन-नेराविफे र नेपाल प्रगतिशील विद्यार्थी युनियन-नेप्रवियु बीच संगठन एकीकरणका लागि दश बुँदामा हस्ताक्षर भयो । २०४८ साल असार १४ गते तीनै संगठनको संयुक्त बैठक बसी सबै संगठनका केन्द्रीय समिति विघटन गरी एकीकृत संगठन 'अनेरास्ववियु' निर्माण गर्ने सहमति भयो र सोही अनुसार शंकर पोखरेलको संयोजकत्वमा ७१ सदस्यीय राष्ट्रिय परिषद्, ३५ सदस्यीय केन्द्रीय समिति र ११ सदस्यीय सचिवालय गठन गरियो ।

एकतापछि अनेरास्ववियु अझ बलियो र शक्तिशाली संगठनको रूपमा स्थापित हुन पुग्यो । संगठनको नाम अनेरास्ववियु (एकताको पाँचौँ) भनिदै आएकोमा 'अनेरास्ववियु' मात्र भन्न थालिएको हो । 'जनताको हातमा सम्पूर्ण अधिकार, सबैका लागि शिक्षा र रोजगार' २०४८ चैत १-७ पोखरामा सम्पन्न अनेरास्ववियुको एघारौँ राष्ट्रिय सम्मेलनले शंकर पोखरेलको अध्यक्षतामा केन्द्रीय कमिटी चयन गरेको थियो ।

**बाह्रौँ राष्ट्रिय सम्मेलन :**
२०५० चैत २५-३१ गते हेटौंडामा अनेरास्ववियुको बाह्रौँ राष्ट्रिय सम्मेलन सम्पन्न भयो । 'सर्वसत्तावाद विरूद्ध हाम्रो अभियान, सामाजिक परिवर्तन र स्वच्छ शैक्षिक वातावरण' भन्ने मूल नाराका साथ आयोजना गरिएको सम्मेलनको उद्घाटन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले र झण्डोत्तोलन वरिष्ठ नेता तुलसीलाल अमात्यले गर्नु भएको थियो ।

सम्मेलनले रामनाथ ढकालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको थियो । बाह्रौँ राष्ट्रिय सम्मेलनबाट निर्वाचित अध्यक्ष रामनाथ ढकालले ०५१ को मध्यावधि निर्वाचनमा भाग लिई प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि राजीनामा दिए । तत् पश्चात बसेको राष्ट्रिय परिषद्को बैठकले योगेश भट्टराईलाई अध्यक्ष र भानुभक्त ढकाललाई महासचिव चयन गरेको थियो ।

**तेह्रौँ राष्ट्रिय सम्मेलन :**
'शिक्षा र रोजगार हाम्रो अधिकार, राजनीतिक स्थिरताका लागि प्रजातान्त्रिक सरकार' मूल नारासहित २०५२ चैत २०-२५ गते बाह्रौँ राष्ट्रिय सम्मेलन विराटनगरमा सम्पन्न भएको थियो । ८१ सदस्यीय राष्ट्रिय परिषद्, ३१ सदस्यीय केन्द्रीय कमिटी र ११ सदस्यीय केन्द्रीय सचिवालयसहित योगेश भट्टराईको अध्यक्षतामा केन्द्रीय कमिटी गठन गरेको थियो । निर्वाचित भएपश्चात व्यापक विवादको सुरूवात भयो । अनेरास्ववियु भित्र चरम विवादलाई हल गर्न ०५३ माघ १६-१७ गते राष्ट्रिय परिषद्को बैठक बोलाइयो । रा.प.को बैठक चलिरहेको बेलामा पार्टी स्थायी कमिटीले अध्यक्ष योगेश भट्टराई, उपाध्यक्ष हिक्मत कार्की, महासचिव भानुभक्त ढकाल र सचिव रविन्द्र अधिकारीलाई अनेरास्ववियुबाट विदा गरी अर्को जिम्मेवारी दिने भन्ने निर्णय पछि उपरोक्त चार जनाले राजीनामा दिनु भयो । पार्टी स्थायी समितिले अध्यक्षमा अरूण नेपाल र महासचिवमा जगन्नाथ खतिवडालाई ल्याउन गरेको निर्णयलाई बैठकमा जानकारी गराएपछि सोही निर्णयलाई पालना गर्दै बैठक समापन भएको थियो ।

२०५४ माघमा नेपालगञ्जमा सम्पन्न नेकपा एमालेको छैठौँ महाधिवेशन पश्चात् २०५४ फागुन २१ गते नेपाल कम्युनिष्ट पार्टी एमालेबाट ४० प्रतिशतभन्दा बढी सांसद तथा ठुलो सङ्ख्यामा केन्द्रीय सदस्यहरूसहित नेकपा माले गठन भएको औपचारिक घोषणा भयो । नेकपा एमाले र मालेको औपचारिक विभाजन भएको लगत्तै अनेरास्ववियुमा विभाजन भयो । एमाले पक्षीय अनेरास्ववियुको नेतृत्व अरूण नेपालले गर्नुभयो भने माले अखिलको नेतृत्व योगेश भट्टराईले गर्नुभयो । पार्टी विभाजनसँगै संगठनको औपचारिक विभाजन भएपछि दुबै पक्षले आ-आफ्नो तर्फबाट संगठनलाई आफ्नो पक्षमा जीवन्त बनाउने प्रयत्न गरेका थिए र छुट्टाछुट्टै राष्ट्रिय सम्मेलनहरू भए ।

**क) चौधौँ राष्ट्रिय सम्मेलन (एमाले निकट) :**
२०५५ भदौ २५ गते २६ गते बसन्तपुरमा उद्घाटन समारोहको आयोजना गरियो । नेकपा (एमाले) का अध्यक्ष मनमोहन

अधिकारीले १४ वटा बेलुन उडाएर चौधौँ राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नु भयो । सम्मेलनमा 'गुटफुटमा नअल्मलिऔँ अनेरास्ववियुको मूल प्रवाहमा सहभागी होऔँ' नारा तय गरिएको थियो । सममेलनले हिक्मत कार्कीको अध्यक्षतामा केन्द्रीय कमिटी चयन गर्‍यो ।

**ख) चौधौं राष्ट्रिय सम्मेलन (माले निकट) :**
२०५५ मंसिर २५ गते विभिन्न क्याम्पसबाट निकालिएको झाँकी र जुलससहितको सम्मेलन नेकपा मालेका महासचिव वामदेव गौतमले उद्घाटन गर्नुभयो । ७१ वटा राष्ट्रिय-अन्तर्राष्ट्रिय महत्त्वका प्रस्तावहरू पारित गर्दै योगेश भट्टराईको अध्यक्षतामा १२१ सदस्यीय राष्ट्रिय परिषद्, ५१ सदस्यीय केन्द्रीय कमिटी तथा ११ सदस्यीय सचिवालय निर्वाचित गरियो । बीचमा पुनर्गठन गरी रूपनारायण श्रेष्ठलाई अध्यक्ष बनाइएको थियो ।

**पन्ध्रौँ राष्ट्रिय सम्मेलन (एमाले निकट) :**
२०५७ असोज १-७ बुटवलमा सम्पन्न अनेरास्ववियुको पन्ध्रौँ राष्ट्रिय सम्मेलनमा 'सामाजिक विकृति र विसङ्गतिका विरूद्ध हाम्रो अभियान, सर्वसुलभ र गुणस्तरीय शिक्षाका लागि विद्यार्थी आन्दोलन' मूल नारा तय गरिएको थियो । व्यापक छलफलपश्चात् विधान र प्रतिवेदन पारित गरी नेतृत्व निर्माण गरिएको थियो । विवाद र अन्तरविरोधकै बीचमा पार्टी संस्थापनको विशेष योजना र पहलमा राजेन्द्र राईको अध्यक्षतामा केन्द्रीय कमिटी चयन गरिएको थियो । अध्यक्ष-राजेन्द्रकुमार राई, उपाध्यक्ष-भक्त गुरूङ, महासचिव-खिमलाल भट्टराई, सचिव-लक्ष्मण आचार्य, कोषाध्यक्ष-रामकुमार बस्नेतलाई निर्वाचित गरियो ।

**ख) पन्ध्रौँ राष्ट्रिय सम्मेलन (माले निकट) :**
चौधौँ राष्ट्रिय सम्मेलन सकिएको १७ महिनापश्चात् पन्ध्रौँ राष्ट्रिय सम्मेलन चितवनमा सम्पन्न भएको थियो । 'यथास्थितिवाद र सामाजिक निराशाका विरूद्ध हाम्रो जागरण, सबैका लागि शिक्षा, रोजगार र स्वच्छ शैक्षिक वातावरण ।' भन्ने मूल नारासहित २०५७ वैसाख १५-१८ सम्पन्न सम्मेलनबाट रविन्द्र अधिकारीको

अध्यक्षतामा केन्द्रीय कमिटी चयन गरियो । पोखराको राष्ट्रिय भेलाबाट संगठन पुनर्गठन गरियो र पुनः केन्द्रीय सचिव कृष्ण के.सी. सहितको अनेरास्ववियूको एउटा हिस्सा माओवादी निकट अखिल (क्रान्तिकारी) मा प्रवेश गरेपछि पुनर्गठन गरिएको थियो ।

**सोह्रौँ राष्ट्रिय सम्मेलन :**
नेकपा एमाले र माले बीच भएको पार्टी एकता पश्चात् एकीकृत अनेरास्ववियु निर्माण गरी एकताको सोह्रौँ राष्ट्रिय सम्मेलन आयोजना गर्ने दुई संगठन बीच सहमति भयो । राजेन्द्र राइको संयोजकत्वमा गठित १४५ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक कमिटीले सोहौँ राष्ट्रिय सम्मेलन (२०५९ भाद्र १७–२७) आयोजना गऱ्यो । एकताको सोह्रौँ राष्ट्रिय सम्मेलनबाट राजेन्द्र राईकै अध्यक्षतामा केन्द्रीय कमिटी चयन गरियो ।

**सत्रौँ राष्ट्रिय सम्मेलन :**
अनेरास्ववियुको सत्रौँ राष्टिय सम्मेलन पर्साको विरगञ्जमा सम्पन्न भयो । "हत्या, हिंसा र सबैखाले अतिवादका विरूद्ध सामाजिक जागरण, सर्वसुलभ र गुणस्तरिय शिक्षाका लागि सशक्त विद्यार्थी आन्दोलन" भन्ने मुलनाराकासाथ सम्पन्न सम्मेलनले खिमलाल भट्टराईको अध्यक्षतामा केन्द्रीय कमिटी चयन गऱ्यो ।

**अठारौँ राष्ट्रिय सम्मेलन :**
२०६३ असोज २ गते पार्टीका महासचिव माधव कुमार नेपालले अठारौँ सम्मेलनको उद्घाटन गर्नुभयो । "अग्रगमन र शान्तिको लागि नयाँ संविधान, शैक्षिक समस्या अन्त्यका लागि सशक्त विद्यार्थी आन्दोलन" भन्ने मुलनाराकासाथ असोज ३, ४ र ५ गते भरतपुरको कवड हलमा बन्दसत्र सम्पन्न भयो । यो सम्मेलनको विशेषता र ऐतिहासिकता संगठनको नेतृत्व चयनको विधिसँग समेत सम्बन्धित रहेको छ । अनेरास्ववियुले यसपटक विगतमा झैं हलबाट राष्ट्रिय परिषद् चुन्ने र राष्ट्रिय परिषद्बाट केन्द्रीय कमिटी चुन्ने विधानको परिपाटीमा परिमार्जन गरेर सोझै अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सचिवालय सदस्यको निर्वाचन सिङ्गो हलबाट गर्ने र केन्द्रीय सदस्यहरूको निर्वाचन

पनि प्रत्यक्ष रूपमा अञ्चलगत आधारमा गर्ने विधि अवलम्बन गरेमुताविक ठाकुर गैरेको अध्यक्षतामा ६१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गरियो ।

**उन्नाइसौँ राष्ट्रिय सम्मेलन** :

अनेरास्ववियुको उन्नाइसौँ राष्ट्रिय सम्मेलन नेपालको अत्यन्त सुन्दर र पर्यटकीय नगरी पोखरामा ०६५ आश्विन ४-११ मा सम्पन्न भयो । "लोकतान्त्रिक गणतन्त्रका लागि संविधान सभाको निर्वाचन, जनमुखि र समान शिक्षाको लागि सशक्त विद्यार्थी आन्दोलन" भन्ने मुलनाराकासाथ सम्पन्न सम्मेलनले अखिलको इतिहासको विरासतलाई भङ्ग गर्दै पहिलोपटक महिला नेतृ रामकुमारी झाँक्रीको अध्यक्षतामा केन्द्रीय कमिटी निर्वाचित गऱ्यो ।

**बिसौँ राष्ट्रिय सम्मेलन**:

अनेरास्ववियुको बिसौँ राष्ट्रिय सम्मेलन पूर्वीय संस्कृति तथा सभ्यताको प्रतीक मिथिलाको राजधानी जनकपुर नगरीमा २०६७ आश्विन १५-१८ सम्पन्न भयो । "राष्ट्रिय एकता, दिगो शान्ति र संघीयता नयाँ नेपालको आधार, शिक्षा, स्वास्थ्य र रोजगार मौलिक अधिकार" भन्ने मुलनाराकासाथ सम्पन्न सम्मेलनले माधब ढुङ्गेलको अध्यक्षतामा केन्द्रीय कमिटी निर्वाचित गऱ्यो ।

**एक्काइसौँ राष्ट्रिय सम्मेलन** :

अनेरास्ववियुको एक्काइसौँ राष्ट्रिय सम्मेलन नेपालको राजधानी काठमाडौंमा २०७० आश्विन ४-१० सम्पन्न भयो । "शिक्षा, स्वास्थ्य र रोजगार हाम्रो मौलिक अधिकार, राष्ट्रिय एकता, दिगो शान्ति, संविधान र संघीयता आर्थिक विकासको आधार" भन्ने मुल उद्घोष सहित सम्पन्न यस सम्मेलनले किशोर विक्रम मल्लको अध्यक्षतामा १३५ केन्द्रीय कमिटी चयन गऱ्यो ।

**बाइसौँ राष्ट्रिय सम्मेलन** :

अनेरास्ववियुको बाइसौँ राष्ट्रिय सम्मेलन राजधानी काठमाडौंमा २०७३ माघ २७-२९ सम्पन्न भयो । "परिश्रमी र प्राज्ञिक जनशक्तिको

विकास राष्ट्र निर्माणको आधार, सुदृढ र प्रभावकारी विद्यार्थी आन्दोलन अनेरास्ववियुको सरोकार" भन्ने नाराकासाथ सम्पन्न यस सम्मेलनले नविना लामाको अध्यक्षतामा १४१ सदस्यीय केन्द्रीय कमिटी चयन गऱ्यो । नविना लामा अखिलको दोश्रो निर्वाचित महिला अध्यक्ष मात्र हुनु भएन अध्यक्षकै कार्यकालमा संघीय प्रतिनिधिसभा सदस्य हुनुभयो ।

**तत्कालीन नेकपा (केन्द्रीय न्यूक्लियस) र (आजको) साविकको माओवादी केन्द्र सम्वद्ध अखिल (क्रान्तिकारी) को संक्षिप्त संगठनात्मक इतिहास :**

**पाँचौं राष्ट्रिय सम्मेलन:**

संगठनका अध्यक्ष मुकुन्द बहादुर श्रेष्ठको नेतृत्वमा संगठन अगाडि बढ्न नसक्ने निष्कर्षका साथ सचिव पशुपति वाग्लेलाई राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने जिम्मेवारी दिईयो । नयाँ शिक्षा योजना र सिक्किमलाई भारतमा गाभ्ने निर्णय विरूद्ध विद्यार्थी आन्दोलन उत्कर्षमा चलिरहेको थियो । दुई महिने शैक्षिक हड्तालसहित विद्यार्थी आन्दोलन अघि बढिरहँदा २०३३ जेठ ९ गते भूमिगत रूपमा भारतको अयोध्यामा ३१ जिल्लाको सहभागितामा पाँचौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो । जसले निरञ्जन चापागाईं (निनु) को अध्यक्षतामा केन्द्रीय समिति निर्माण गऱ्यो ।

**छैठौं राष्ट्रिय सम्मेलन:**

एकातिर २०३२ को आन्दोलनमा गरिएको तीब्र दमन र मण्डेलहरूको चरम दबदबा थियो भने अर्कोतिर नेकपा (चौम) भित्र चरम अन्तरसंघर्ष पाइरहेको थियो । राजनीतिक दलहरू प्रतिबन्धित भइरहेको यो बेला विद्यार्थी आन्दोलनले राजनीतिक आन्देलनको प्रवक्ताको काम गर्थ्यो ।

२०३६ सालको खुला परिवेशमा भाद्र २१ गते ललितपुरको ठैवमा अ.ने.रा.स्व.वि.यू. को छैठौं राष्ट्रिय सम्मेलन सम्पन्न भइसकेको थियो । ५७ जिल्लाको सहभागिता सहितको यो सम्मेलनले लीलामणि पोखरेलको अध्यक्षतामा केन्द्रीय समिति चयन गऱ्यो । यो सम्मेलनमा पहिले बहिस्कारवाला पक्षले पाँचौं सम्मेलन

विदेशी भूमिमा भएको, थोरै जिल्लाको सहभागितामा भएको र आफ्नो सहभागिता नभएको भन्दै पुनः पाँचौं सम्मेलन गर्नुपर्ने माग राखे भने सम्मेलन गरेको पक्षले त्यसलाई स्विकार गरेन । संगठन विसर्जनको स्थितिमा पुगेको बेला सम्पन्न पाँचौं राष्ट्रिय सम्मेलनको महत्त्व घटाउनु हुँदैन । सम्मेलनले संगठनलाई बचाएको, इतिहास बनाएको तथा यस सम्मलेनले पञ्चायत विरोधी २०३५/०३६ सालको राजनीतिक संघर्षमा अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएको र देशभित्र संगठनात्मक गतिविधि पूरै प्रतिबन्धित अवस्थामा प्रवासमा सम्मेलन गर्नु न्यायोचित मात्र होइन, जरूरी समेत थियो भन्दै यसको बचाउमा उत्रियो । तत्पश्चात् मालेनिकट विद्यार्थीहरूले अनेरास्ववियु (एकताको पाँचौं) को नाममा नयाँ संगठन निर्माण गरे भने चौम पक्षले छैठौं सम्मेलन सम्पन्न गर्‍यो । यसरी वामपन्थी विद्यार्थीहरू औपचारिक रूपमा नै विभाजित हुन पुगे । विवाद एकापसमै साङ्घातिक हमलाको स्तरसम्म देखा पर्‍यो । यो नै पाँचौं र छैठौंको चर्चित विवाद थियो ।

**सातौं राष्ट्रिय सम्मेलन** :
२०३६ को जनमतसङ्ग्रहमा पञ्चायतले जितेको नक्कली घोषणापछि २०३८ सालमा राष्ट्रिय पञ्चायतको चुनावको घोषणा भयो । नेपाल कम्युनिष्ट पार्टीले पञ्चायती चुनाव बहिस्कार नीति लिएसँगै अखिल पनि बहिस्कार आन्दोलनमा सक्रियतापूर्वक लाग्यो ।

पञ्चायती चुनाव जितेको मातपछि पञ्चहरू (मण्डले) ले पञ्चायतको आडमा जनतामाथि व्यापक दमन, गुण्डागर्दी, लुटपाट, बलात्कार गर्दै देशैभरि जघन्य घटनाहरू घटाए । यसै बीचमा बि.सं. २०३८ साल चैत्र १९-२१ गतेसम्म भक्तपुरको सूर्यविनायकमा अखिलको सातौं राष्ट्रिय सम्मेलन सम्पन्न भयो । सम्मेलनको पुनः लीलामणि पोखरेललाई अध्यक्षमा र कमल चौलागाईँलाई महासचिवको जिम्मेवारी दिँदै केन्द्रीय समिति निर्वाचित गर्‍यो । जसमा ६८ जिल्लाको सहभागिता रहेको थियो ।

सातौँ राष्ट्रिय सम्मेलनपछि २०४० सालमा अखिलभित्र फेरि विवाद सुरू भयो र अर्को फूट भयो । यो फूट विद्यार्थी आन्दोलनभित्रको तेस्रो फूट र अखिलभित्रको दोस्रो फूट थियो । पञ्चायती चुनावलाई हेर्ने दृष्टिकोण, २००७ को आन्दोलनलाई बुझ्ने सवाल र संगठनको आगामी दिशाका विषयहरू विवादको सतहमा थिए । नेकपा चौम र मशाल बीचको विभाजनको कारण अखिलमा फूट पैदा भएको थियो ।

**आठौँ राष्ट्रिय सम्मेलन :**

फूटपछि नेकपा (मशाल) निकट एउटा अखिलले भरत पोखे्रललाई सम्मेलन आयोजक समितिको संयोजक चयन गरेर बि.सं. २०४० साल चैत्र १९-२३ गतेसम्म भारतको गोरखपुरमा आठौँ राष्ट्रिय सम्मेलन सम्पन्न गरि देव गुरूङलाई अध्यक्ष र रमन श्रेष्ठलाई महासचिव छान्दै केन्द्रीय समिति चयन गऱ्यो । यस अखिलले नामको पछाडि आठौँ के.स. (अ.ने.रा.स्व.वि.यू. आठौँ केन्द्रीय समिति) को रूपमा आफूलाई चिनाउन थाल्यो भने नेकपा (चौम) निकट अर्को अखिलले पनि २०४० सालमै आठौँ राष्ट्रिय सम्मेलन गरी गिरिराजमणि पोखे्रललाई अध्यक्ष बनायो । आफूलाई के.स. (अ.नेरा.स्व.वि.यू. केन्द्रीय समिति) भनेर चिनाउन थाल्यो ।

**नवौँ राष्ट्रिय सम्मेलन :**

देशव्यापीरूपमा मण्डले, ने.वि.संघको गठबन्धन निर्माण गरी अखिल माथि आक्रमण हुँदै गयो । २०४२ साल बैशाख १८ गते दिउँसो किसान सभामा भाग लिन जाँदै गर्दा चितवनको पर्साधापमा मित्रमणि आचार्यलगायत विद्यार्थीहरू माथि आक्रमण भयो । त्यसैदिन साँझ मित्रमणी आचार्यको भरतपुर अस्पतालमा शहादत भयो । उहाँ अ.ने.रा.स्व.वि.यू. आठौँ केन्द्रीय समितिका सदस्य एवम् केन्द्रीय कृषि क्याम्पस रामपुरका स्ववियू सभापति हुनुहुन्थ्यो । अ.ने.रा.स्व.वि.यू. आठौँ के.स.भित्र नवौँ राष्ट्रिय सम्मेलन हुनु अघि नै अर्थात् २०४२ मै पुनः फूट भयो । यो फूट अखिल भित्रको तेस्रो फूट थियो । नेकपा (मशाल) को नेतृत्वबाट एमवि सिंहलाई हटाएपछि उनले नेकपा (मसाल) गठन गरे । बि.सं.

२०४३ साल जेठमा भारतको गोरखपुरमा नेकपा (मशाल) सम्बद्ध अ.ने.रा.स्व.वि.यू आठौँ के.स.ले नवौँ सम्मेलन गरी अध्यक्षमा रमन श्रेष्ठ र महासचिवमा यदु गौतम रहेको केन्द्रीय समिति बनायो र यस संगठनलाई अ.ने.रा.स्व.वि.यू. नवौँ के.स.को रूपमा चिनिन थालियो भने पातलो मसाल सम्बद्ध अर्को अखिलले २०४३ सालमै नवौँ राष्ट्रिय सम्मेलन गरी बिन बहादुर कुँवरलाई अध्यक्ष बनायो । यसले आफ्नो नामको पछाडि 'छैठौँ' जोड्न थाल्यो । यता चौम निकट अखिलले २०४३ जेठमै नवौँ राष्ट्रिय सम्मेलन गरेर पुनः गिरिराजमणि पोखेलकै अध्यक्षतामा नयाँ केन्द्रीय कार्यसमिति निर्माण भएको थियो ।

**दसौँ राष्ट्रिय सम्मेलन** :

संगठनले भारतीय नाकाबन्दी विरूद्ध संघर्षको नेतृत्व गर्दा पञ्चायती शासकहरूले व्यापक दमन गरे । आन्दोलन पञ्चायती तानाशाहीका विरूद्ध निर्णायक रूपमा अघि बढ्यो संगठनले राष्ट्रिय जनआन्दोलन संयोजन समितिको सामिप्य रही आन्दोलनको अगुवाई गऱ्यो । यसपछि रमण श्रेष्ठ नेतृत्वको नवौँ केन्द्रीय समितिले २०४४ मा सम्मेलन आयोजक समितिको संयोजक कृष्ण सेनलाई चयन गऱ्यो र २०४४ मै दसौँ राष्ट्रिय सम्मेलन गरी भानु शर्मालाई अध्यक्षमा चयन गरेको थियो भने अखिल (छैठौँ) ले टोपबहादुर रायमाझीलाई अध्यक्षमा निर्वाचित गरेको थियो । यता २०४४ चैत २८-३० मा ललितपुरमा सम्पन्न दशौं राष्ट्रिय सम्मेलनले गिरिराजमणि पोखेललाई विदा दिँदै प्रभुनारायण बस्नेतलाई अध्यक्षतामा निर्वाचित गरेको थियो ।

यही बीचमा २०२९ देखि नै क्रियाशील भएको अखिल नेपाल क्रान्तिकारी विद्यार्थी संगठनले २०३९ मा प्रथम राष्ट्रिय सम्मेलन गरी नेक्राविसंघ नामाकरण गरेको थियो । जसले २०४० मा दोस्रो, २०४१ मा तेस्रो, २०४५ मा चौथो र २०४६ मा पाँचौँ सम्मेलन गरी २०४७ मा सीपी दत्तको नेतृत्वमा छैठौँ राष्ट्रिय सम्मेलन तयारी समिति गठन गरेको थियो ।

२०४० र २०४२ को फुटबाट महत्त्वपूर्ण शिक्षा लिँदै संगठनको एकताको आवश्यकतालाई आत्मसात गर्दै फेरि एकताको प्रयत्न हुन थाल्यो । २०४५ देखि नै अ.ने.रा.स्व.वि.यू, र अखिल (छैठौँ) बीच कोअर्डिनेसन कमिटी बनाउने र २०४६ को जनआन्दोलनका क्रममा सहकार्य अघि बढाउने काम भयो ।

**एघारौँ राष्ट्रिय सम्मेलन :**
२०४६ सालमा राजनीतिक पार्टीमा र विद्यार्थी संगठनमा ल्याएको वैचारिक ध्रुविकरणले सांगठानिक ध्रुविकरणको बाटो प्रशस्त गर्ने काम समेत भयो । २०४७ पुस २९ गते अखिलका दुई घटक र नेक्राविसंघ बीच एकता भयो । संगठनको नाम अ.ने.रा.स्व.वि.यू. नै राख्ने निर्णय भयो । यो एकता प्रक्रियामा मकवानपुरमा क्रियाशील जनमुखी विद्यार्थी संगठन पनि सामेल भयो । एकतामा सहभागी नभएको अखिल (छैठौँ) ले भने २०४७ जेठमै एघारौँ राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको थियो । एकता प्रक्रियामा अध्यक्ष सामेल नभए पनि एकताका निम्ति विद्रोह गरी देवेन्द्र पौडेल संयोजक बन्नुभयो । एकता पछिको अ.ने.रा.स्व.वि.यू. ले छैठौ.ले सम्पन्न गरिसकेको यसै सम्मेलनलाई एघारौं सम्मेलनको मान्यता प्रदान गर्‍यो ।

**बाह्रौँ राष्ट्रिय सम्मेलन :**
२०४८ भाद्रमा अ.ने.रा.स्व.वि.यू. (छैठौँ) सहित पाँच संगठन मिलेर २०४८ फागुन २३-२९ सम्म काठमाडौंमा ऐतिहासिक एकताको सम्मेलन सम्पन्न भयो । त्यसलाई संगठनको बाह्रौँ राष्ट्रिय सम्मेलनको रूपमा गणना गर्ने निर्णय गरियो । सम्मेलनबाट हितमान शाक्य अध्यक्षमा निर्वाचित हुनुभयो ।

राष्ट्रियता र जनजीविकाका समस्याका विरूद्ध संघर्ष सञ्चालन गर्न २०५० मा हेटौंडामा भएको राष्ट्रिय भेलाले संगठनको नामको पछाडि क्रान्तिकारी शब्दावली थप्ने निर्णय गर्‍यो । त्यस उप्रान्त संगठनको नाम अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) हुन पुग्यो । यस लगत्तै संगठनभित्र वैचारिक मत विभाजन देखापर्‍यो र त्यसले पुन विभाजनको अवस्थासम्म पुर्‍यायो ।

**तेह्रौँ राष्ट्रिय सम्मेलन :**
२०५२ वैशाखमा सम्पन्न तेह्रौँ राष्ट्रिय सम्मेलनले कृष्णध्वज खड्काको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको थियो । अर्कोतर्फ विभाजनपछि क्रान्तिकारी कै नाममा दुई संगठनहरू क्रियाशील रहने स्थिति भयो । २०५१ को विभाजन पश्चात् २०५२ जेठमा चितवनमा भएको भेलाले डि.आर. पौडेलको नेतृत्वमा तेह्रौँ राष्ट्रिय सम्मेलन आयोजक समिति निर्माण गरेको थियो । २०५२ चैत्रमा भएको तेह्रौँ राष्ट्रिय सम्मेलनले डाचाराज वाग्लेलाई अध्यक्षमा निर्वाचित गऱ्यो ।

**चौधौँ राष्ट्रिय सम्मेलन :**
तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने लक्ष्य सहित जनयुद्धको शुरूवात २०५२ फागुन १ गतेदेखि भयो । मुलतः संघर्षको स्वरूप युद्ध र संगठनको स्वरूप फौज भएता पनि जनसंगठन र जनसंघर्षलाई पनि सँगसँगै लिएर जाने अर्थात् अवैधानिक संघर्ष प्रमुख हुँदाहुँदै वैधानिक संघर्षलाई पनि नछोड्ने माओवादी विचारलाई आत्मसाथ गर्दै अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) ले जनसंघर्षको मोर्चा सम्हाल्न आफुलाई तयार गऱ्यो । २०५२ फागुन १४ गते गोरखाका ११ वर्षीय विद्यार्थी दिलबहादुर रम्तेल जनयुद्धका पहिला सहिद बन्न पुगे ।

दमन र प्रतिरोधकै बीचमा जेलमा रहेका आफ्ना अध्यक्ष कृष्णध्वज खडकालाई पुनः अध्यक्ष निर्वाचित गर्दै अखिल (क्रान्तिकारी) को चौधौँ राष्ट्रिय सम्मेलन 'जनवादी शिक्षाका लागि क्रान्तिकारी आन्दोलन, प्रतिक्रियावाद र विर्सजनवादका विरूद्ध चौधौँ राष्ट्रिय सम्मेलन भन्ने मूल नारासहित २०५४ मंसिर २०-२४ मा काठमाडौं किर्तिपुरमा सम्पन्न भयो । उद्घाटन सत्रमा भएको व्यापक दमन र धरपकडलाई चिर्दै अर्धभूमिगत रूपले बन्दसत्र सम्पन्न भयो ।

२०५६ असारमा गोरखपुरमा पूर्ण भूमिगत रूपमा संगठनको राष्ट्रिय भेला सम्पन्न गरी प्रतिरोध संघर्षलाई अझ संगठित गर्ने निर्णय गऱ्यो । यता डाचाराज वाग्ले नेतृत्वको अखिल (क्रान्तिकारी)

ले ०५६ फागुन १७ मा चौधौँ राष्ट्रिय सम्मेलन सम्पन्न गरी प्रकाश पोखरेलको नेतृत्वमा नयाँ कार्य समिति निर्माण गऱ्यो । यो सम्मेलनले संगठनको क्रान्तिकारी पदावलीको ठाँउमा '२०२२' राख्ने निर्णय गऱ्यो ।

**एकताको पन्ध्रौँ राष्ट्रिय सम्मेलन :**
२०५८ मा गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभा निर्वाचनको माओवादी प्रस्तावमा माओवादी र सरकार बीच पहिलो शान्तिवार्ताको शुरूवात भयो । शान्तिवार्ता चलिरेहेको बेला सरकारले काठमाडौंमा शान्तिपूर्ण प्रदर्शनमा रोक लगाएपछि काठमाडौंको सम्मेलनलाई विराटनगर सारेर बाधा, अवरोधका बीच 'शैक्षिक विसङ्गति, राष्ट्रघात र फाँसिवादका विरूद्ध प्रतिरोध आन्दोलन, जनवादी शिक्षाको अभ्याससहित पन्ध्रौँ राष्ट्रिय सम्मेलन भन्ने मूल नाराका साथ २०५८ असोज ८-१२ मा अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी), कृष्ण के.सी.ले नेतृत्व गरेको अनेरास्ववियु र हेमराज भण्डारी नेतृत्वको अखिल (छैठौँ) का बीचमा ऐतिहासिक एकताको पन्ध्रौँ राष्ट्रिय सम्मेलन सम्पन्न भयो ।

सम्मेलनले एकताको भाव दिने गरी संगठनको नाम अ.ने.रा.स्व.वि.यू. (क्रान्तिकारी) को थोप्ला हटाएर अनेरास्ववियू (क्रान्तिकारी) एउटै धर्कामा लेख्ने र छोटकरीमा संगठनको नाम अखिल (क्रान्तिकारी) राख्ने निर्णय गऱ्यो । सम्मेलनले देबेन्द्र पराजुलीको अध्यक्षतामा १५ वैकल्पिक केन्द्रीय सदस्यसहित ८५ सदस्यीय केन्द्रीय समिति निर्माण गऱ्यो ।

यता नेकपा एकताकेन्द्र र मसाल बीच एकता सम्पन्न भएको पृष्ठभूमिमा २०५९ असोजमा अखिल (२०२२) र अखिल छैठौँको बीचमा एकता भई संगठनको नाम अ.ने.रा.स्व.वि.यू. (एकीकृत) राख्ने निणर्यका साथ कृष्ण अधिकारीलाई अध्यक्षमा चयन गरियो । यसअघि चितवनको नारायणघाटमा सम्पन्न अखिल (२०२२) को राष्ट्रिय भेलालाई पन्ध्रौँ राष्ट्रिय सम्मेलनको मान्यता दिइएको थियो ।

संविधान सभाको निर्वाचनको विषयमा माओवादी र सरकार बीचको वार्ता सफल हुन सकेन । देशमा सङ्कटकाल लागू भयो । राज्यले माओवादीसहित अनेरास्ववियू (क्रान्तिकारी) लाई पनि आतङ्ककारी घोषणा गऱ्यो । संगठनका अध्यक्ष देबेन्द्र पराजुलीको टाउकाको मुल्य तोकियो । २०५८ फागुन २२ गते विराटनगरमा केन्द्रीय उपाध्यक्ष बेनोज अधिकारीलाई गिरफ्तार पश्चात् खोर्सानेको जङ्गलमा दोहोरो भिडन्तको नाममा हत्या गरियो । ०५९ बैशाख १३ गते महासचिव पुर्ण पौडेललाई काठमाडौंबाट गिरफ्तार गरेर वेपत्ता पारियो । यो बीचमा संगठनका केन्द्रीय समितिका दर्जनौ नेताहरूको हत्या र वेपत्ताको श्रृङ्खला नै तयार भयो । २०६० मा दोस्रो शान्तिवार्ता शुरू भयो । ज्ञानेन्द्र शाहले सत्ता आफ्नो हातमा लिएको र वार्तालाई माओवादी समाप्त गर्ने रणनीतिको रूपमा प्रयोग गरेको कुरा दोरम्भा लगायत देशका विभिन्न स्थानमा माओवादी नेता कार्यकर्ताको हत्या अभियानले यसलाई पुष्टी गर्दथ्यो । हेटौंडामा सोह्रौं राष्ट्रिय सम्मेलनको तयारीमा हिडेका केन्द्रीय सदस्य प्रित कुमार मोक्तान र भुपेन्द्र तिमिल्सेनाको सादा पोषाकका सुरक्षाकर्मीबाट नियन्त्रणमा लिई निर्ममतापूर्वक घाटी काटेर हत्या गरियो ।

**सोह्रौं राष्ट्रिय सम्मेलन** :

'शैक्षिक अधिकारका लागि नयाँ संविधान, आमूल परिर्वतनको पक्षमा साह्रौं राष्ट्रिय सम्मेलन भन्ने मूल नाराका साथ २०६० असारमा काठमाडौंमा सम्पन्न सोह्रौं राष्ट्रिय सम्मेलनले लेखनाथ न्यौपानेको अध्यक्षतामा केन्द्रीय समिति निर्वाचित गऱ्यो । निरङ्कुश शाही सत्ताले एकतर्फी युद्धविराम भङ्ग गरेपछि माओवादीले पुनः प्रतिरोध युद्धलाई अघि बढायो । रगतले नयाँ इतिहास रचियो । निरङ्कुश सत्ताका विरूद्ध नेकपा (एकताकेन्द्र मसाल), नेकपा (एमाले) लगायतका दलहरू माओवादीसँग सहकार्य गरी जनयुद्ध र जनआन्दोनलाई संयोजन गर्ने प्रयासमा लागे र माओवादी र संसदवादी शक्ति बीचमा सहकार्यको यो प्रयत्नले सार्थकता प्राप्त गऱ्यो । ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको सफलतासँगै मुलुक नयाँ राजनितिक अध्यायमा प्रवेश गऱ्यो ।

उता अखिल (एकीकृत) को संगठनमा फेरि बढेको तिब्र मतभेद अन्ततः विभाजनसम्म पुग्यो । २०६२/०६३को जनआन्दोलन लगत्तै अखिल (एकीकृत) को बहुमत हिस्साले २०६३ फागुन ८-१२ मा एकताको सोह्रौँ राष्ट्रिय सम्मेलन सम्पन्न गऱ्यो, जसले जीवन गौतम अध्यक्ष रहेको नयाँ कार्यसमिति निर्माण गऱ्यो ।

**सत्रौं राष्ट्रिय सम्मेलन** :
ऐतिहासिक जनआन्दोलनको सफलतासँगै बदलिँदो राजनैतिक परिवेशमा 'लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि निःशर्त संविधान सभाको निर्वाचन, वैज्ञानिक र जनमुखि शिक्षा प्राप्तिको आन्दोलन सत्रौं राष्ट्रिय सम्मेलन भन्ने नारामा २०६३ असोज २ देखि ७ गतेसम्म काठमाडौंमा सम्पन्न सत्रौं राष्ट्रिय सम्मेलनले पुनः लेखनाथ न्यौपानेकै अध्यक्षतामा केन्द्रीय समिति निर्वाचित गऱ्यो ।

अखिल (क्रान्तिकारी) र अखिल (एकीकृत) बीच २०६५ मा सम्पन्न एकता अधिवेशनले संगठनको नाम अखिल (क्रान्तिकारी) नै राख्ने निर्णय गर्दै लेखनाथ न्यौपानेको अध्यक्षतामा एकताको नयाँ केन्द्रीय समिति चयन गऱ्यो ।

**एकताको अठारौँ राष्ट्रिय सम्मेलन** :
पुर्व अखिल (क्रान्तिकारी) ले सत्रौं राष्ट्रिय सम्मेलन गरिसकेको अवस्थामा त्यसलाई एकीकृत संगठनले सत्रौं राष्ट्रिय सम्मेलन मान्दै २०६७ मंसिर २४-२८ सम्म "जनताको गणतन्त्र, राष्ट्रिय स्वाधिनता र जनशिक्षाको लागि एकताको १८ औं राष्ट्रिय सम्मेलन" भन्ने नाराकासाथ कीर्तिपुरमा भव्यतम् रूपमा सम्पन्न भयो । सम्मेलनले हिमाल शर्माको अध्यक्षतामा २०१ सदस्यीय केन्द्रीय समिति निर्माण गऱ्यो ।

**पुनः विभाजन** :
२०६७ मंसिरमा सम्पन्न संगठनको अठारौँ एकता राष्ट्रिय सम्मेलन पश्चात् संगठनभित्र संघर्षको अवस्था देखा पऱ्यो । २०६९ बैशाख १८ गते उपाध्यक्ष शरद रसाईलीको अध्यक्षतामा छुट्टै राष्ट्रिय भेलाको आयोजना गरियो । भेलाले अखिल (क्रान्तिकारी) नामकै

अर्को संगठन निर्माण गरी शरद रसाईलीलाई संगठनको अध्यक्ष चयन गर्‍यो ।

एकताको अठारौँ राष्ट्रिय सम्मेलनको २२ महिनापश्चात् संगठनमा भएको विभाजन पछि २०६९ असोजमा हिमाल शर्मा नेतृत्वको अखिल (क्रान्तिकारी) ले राष्ट्रिय भेला सम्पन्न गर्‍यो । भेलाले संगठनको केन्द्रीय समितिमा आवश्यक पुनर्गठन गर्‍यो ।

**उन्नाइसौँ राष्ट्रिय सम्मेलन (२०७० चैत्र २१-२५, किर्तिपुर) :**
२०७० चैत्र २१-२५, किर्तिपुर काठमाडौंमा "शैक्षिक माफियाकरणको अन्त्य, सार्वजनिक शिक्षाको रूपान्तरण, राष्ट्रिय स्वाधीनता र जनसंविधानको पक्षमा १९ औं राष्ट्रिय सम्मेलन" भन्ने मुलनाराकासाथ सम्मेलन आयोजना गरियो । बन्दसत्रमा पुगेर विधान र प्रतिवेदन पारित भयो तर विधानले निर्देशित गरेको निर्वाचनको प्रक्रियालाई अघि बढाउन नसक्दा नयाँ नेतृत्व निर्माणको प्रक्रियाले सफलतामा प्राप्त गर्न सकेन । नेतृत्व निर्माणको कामलाई राष्ट्रिय भेला वा विस्तारित बैठक मार्फत पुरा गर्ने गरी पुरानो समितिलाई तदर्थ समितिको जिम्मेवारी सुम्पियो ।

२०७१ फागुन ११ गते केन्द्रीय समितिको बैठकले रमेश मल्ललाई संयोजक बनाई १५१ सदस्यीय केन्द्रीय समिति पुनर्गठन गर्‍यो भने विधानअनुसार समयावधि पुगेका सबै तहका समितिलाई आयोजक समितिमा रूपान्तरण गरी देशव्यापी संगठनात्मक पुनर्गठनको अभियानलाई अगाडि बढायो । २०७२ पौष २५ गते काठमाडौंमा सम्पन्न केन्द्रीय समितिको प्रथम विस्तारित बैठकले राष्ट्रिय सम्मेलनको नेतृत्वको गत्यारोधलाई अन्त्य गर्दै रमेश मल्लको अध्यक्षतामा २१ जनाको पदाधिकारीसहित १९९ जनाको केन्द्रीय समिति निर्वाचित गर्‍यो ।

नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) को उन्नाइसौँ राष्ट्रिय सम्मेलन २०६९ असोज १६-१९ किर्तिपुरमा सम्पन्न भयो । सम्मेलनले शरद रसाईलीलाई अध्यक्षमा निर्वाचित

गऱ्यो, तर संगठनको नेतृत्व अराजकतावादी व्यक्तिवादको अनुयायी बनेपछि संगठनमा अर्को विभाजन हुन पुग्यो ।

०७१ मंसिर २६ र २७ गते बसेको केन्द्रीय समितिको बैठकले उपाध्यक्ष सुरेश गौतमलाई संगठनको कार्यबाहक अध्यक्षको जिम्मा दियो । उहाँकै संयोजनमा बिसौँ राष्ट्रिय सम्मेलनको आयोजना गरियो । 'राष्ट्रिय स्वाधीनता, जनताको संविधान र जनशिक्षाको लागि प्रतिरोध आन्दोलन ! नवसंशोधनवाद र फुटवादका विरूद्ध २० औं राष्ट्रिय सम्मेलन' भन्ने मुलनाराकासाथ २०७१ चैत्र २०-२३ मा सम्पन्न संगठनको बिसौँ राष्ट्रिय सम्मेलनमा नेतृत्व निर्माणको टुङ्गो लाग्न सकेन । २०७२ असार १४ गते सम्पन्न केन्द्रीय समितिको पूर्ण बैठकले महासचिव रत्न ढकाललाई अध्यक्ष निर्वाचित गर्दै नयाँ कार्यसमिति चयन गऱ्यो । २०७२ पौष २१ गते मिलन एम.सी.ले नेतृत्व गरेको अखिल (एकिकृत) सँगको एकता सम्पन्न भयो । २०७२ असार २३ गतेदेखि "भारत चीन खवरदार ! अखिल (क्रान्तिकारी) राष्ट्रियताको पहरेदार !" भन्ने नाराका साथ अध्यक्ष रत्न ढकालको नेतृत्वमा राष्ट्रियताको पहरेदार लिपुलेख अभियान सम्पन्न भयो ।

क्रान्तिकारी विद्यार्थी संगठन, नेपाल केही सैद्धान्तिक मतभिन्नताको कारण देखाई २०६५ माघ २९ गते अखिल (क्रान्तिकारी) बाट अलग भई फागुन १ गते जनयुद्ध दिवसको अवसर पारी पर्साको विरगञ्जमा विशेष राष्ट्रिय भेला आयोजना गरी संगठनको नामाकरण अखिल (माओवादी) राखेर देवशरण यादवको नेतृत्वमा १७ सदस्यीय केन्द्रीय समिति निर्वाचित गऱ्यो ।

२०६७ माघ १५ गते बाराको कलैयामा अखिल (माओवादी) को प्रथम राष्ट्रिय भेला सम्पन्न भयो । उक्त भेलाले संगठनको नाम क्रान्तिकारी विद्यार्थी संगठन, नेपाल राख्यो भने सन्तोष विष्ट संयोजक रहेको १५ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक समिति निर्माण गऱ्यो । दोस्रो राष्ट्रिय भेला २०६९ असोज २५-२७ गते काठमाडौंमा सम्पन्न भयो । उक्त भेलाले सन्तोष विष्ट अध्यक्ष रहेको कार्यसमिति पुनः निर्वाचित गऱ्यो ।

**एकता राष्ट्रिय भेला – २०७३ :**
२०७३ साउन १३ गते काठमाडौं कमलादीमा एकता भेला सम्पन्न भयो । तत्कालीन रमेश मल्ल नेतृत्वको अनेरास्ववियू (क्रान्तिकारी), रत्न ढकाल नेतृत्वको अखिल (क्रान्तिकारी), सन्तोष विष्ट नेतृत्वको क्रान्तिकारी विद्यार्थी संगठन, नेपाल लगायत अन्य चारवटा विभिन्न समूहबाट विद्रोह गरी एकतामा सामेल भएका क्रान्तिकारी विद्यार्थीहरूको राष्ट्रिय भेलाले एकृकीत भएको अनेरास्ववियू (क्रान्तिकारी) को अध्यक्ष नरेन्द्र न्यौपानेलाई निर्वाचित गऱ्यो ।

**बिसौँ राष्ट्रिय सम्मेलनः**
इतिहासप्रतिको न्याय, विगतमा भएका अभ्यास, एकताको विशिष्ट सन्दर्भ र आवश्यकतालाई ध्यान दिदै रत्न ढकालले नेतृत्व गरेको अखिल (क्रान्तिकारी) ले बिसौँ राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको र उहाँकै अध्यक्षतामा उक्त संगठन एकताको प्रक्रियामा सामेल भएको हुँदा उक्त सम्मेलनलाई राष्ट्रिय भेलाले बिसौँ राष्ट्रिय सम्मेलनको मान्यता प्रदान गर्ने निर्णय गऱ्यो ।

**एकताको एक्काइसौँ राष्ट्रिय सम्मेलन :**
अनेरास्ववियू (क्रान्तिकारी) को इतिहासमा पहिलो पटक निर्वाचनको प्रक्रियामार्फत राष्ट्रिय सम्मेलनको नेतृत्व निर्माणको काम सम्पन्न भयो । 'राष्ट्रियता र समाजवादी शिक्षा प्राप्तिका लागि अभियान, सुदृढ संगठनका लागि एकताको एक्काइसौँ राष्ट्रिय सम्मेलन भन्ने मूल नाराका साथ २०७४ भाद्र ७–१४ गतेसम्म त्रिभुवन विश्वविद्यालय किर्तिपुरमा सम्पन्न एकताको एक्काइसौँ राष्ट्रिय सम्मेलनले अध्यक्षमा रञ्जित तामाङसहित २४३ सदस्यीय केन्द्रीय समिति निर्वाचित गऱ्यो ।

**एकता र ध्रुवीकरण :**
नेकपा (संयुक्त) सम्वद्ध नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेसनसँग संयोजक दिपक जोशीसहित सिङ्गो केन्द्रीय समिति, विप्लव सम्वद्ध अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिव राम बहादुर बि.क. नेतृत्वको बहुमत केन्द्रीय समिति र नयाँ शक्ति विद्यार्थी

युनियनका संगठन विभाग प्रमुख लक्ष्मी जोशी नेतृत्वको बहुमत केन्द्रीय समिति बीच फागुन २२ र ३२ गते एकताको केन्द्रीय समितिको बैठकबाट संगठनलाई एकताबद्ध गरियो ।

**एउटै अखिल निर्माणः एक ऐतिहासिक सफलता :**
नेपालमा जनवादी शिक्षा प्राप्तिको आन्दोलनमा संर्घषशील गौरवशाली इतिहास निर्माण गर्दै अघि बढेका अखिलका दुई विशाल संगठन अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) एकताको ऐतिहासिक प्रक्रियामा सामेल भएका छन् । यसले नेपालमा लामो समयदेखि एउटै अखिल निर्माण गर्ने सोच र सपनाले साकार रूप लिएको छ । २०२२ साल पश्चात् विभाजित कम्युनिष्ट आन्दोलनको नकारात्मक प्रभाव स्वरूप विभिन्न खेमामा विभाजित अ.ने.रा.स्व.वि.यू.का विभिन्न धाराले आ–आफ्नो ठाउँबाट आ–आफ्नै तरिकाले अखिलको एकताबद्ध संगठन निर्माण गर्ने र त्यसलाई सामन्तवाद तथा साम्राज्यवाद विरूद्धको संघर्षको उर्जामा बदल्ने निरन्तर प्रयत्न हुदै आएता पनि यसले ठोस आकार ग्रहण गर्न सकेको थिएन ।

२०४६ सालको वरिपरि अखिलका विभिन्न समूह बीचमा एकता र ध्रुविकरणको अलि ठुलो श्रृङ्खला तयार भएको छ भने उक्त पहलकदमीले जनआन्दोलनको सफलतामा महत्त्वपूर्ण भौतिक शक्तिको काम गरेको देखिन्छ । त्यसपछिका श्रृङ्खलालाई हेर्दा विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको आजको परिवेशमा नेपाली कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरणको बाटोबाट अघि बढाउदै शान्तिपूर्ण जनसंघर्ष र जनमत निर्माण गरी कम्युनिष्ट पार्टीलाई मुलधारको राजनीतिक शक्तिको रूपमा ल्याई पुऱ्याउन नेतृत्व गर्नु भएका नेता मदन भण्डारीको शिक्षाबाट दिक्षित भएको संघर्षको अग्रणी अनेरास्ववियु र कमरेड प्रचण्डको नेतृत्वमा नेपाली समाजको आमुल परिवर्तनको लक्ष्यसहित ०५२ सालमा शुरू भएको जनयुद्धको प्रक्रियामा आफ्नो निकटताका कारण ठुलो मात्रामा त्याग, तपस्या र बलिदान गर्दै नेपाली समाजको आजको परिवर्तन संस्थागत गर्न महत्त्वपूर्ण योगदान गरेको अखिल (क्रान्तिकारी) बीच युद्ध र शान्तिका दुईदशक

बीचको लामो बहस, अन्तर्क्रिया र सहकार्यका बीच एकताको यो प्रक्रियामा आईपुग्नु नेपाली विद्यार्थी आन्दोलनको सुखद संयोग मात्र नभै इतिहासको अपरिहार्य आवश्यकता बन्न गएको छ ।

जनवादी शिक्षा प्राप्तिको आन्दोलनमा प्राप्त सफलताको रक्षा गर्दै बाँकी कामहरू पुरा गर्न तथा समाजवादी शिक्षा निर्माणको लक्ष्यसहित विशाल र एकतावद्ध अखिलको आगामी दिशा तय गर्न यो एकताले अखिलको इतिहासमै अभूतपूर्व उर्जा प्राप्त गरेको छ । वर्तमानमा प्राप्त यो उर्जालाई नेपाली समाजको समाजवादी रूपान्तरणको संघर्षमा समुचित रूपले प्रयोग गरौं । एकताको यो प्रक्रियालाई अझ विशाल र सुदृढ एकतामा रूपान्तरण गरौं ।

**अन्य विद्यार्थी संगठनहरू :**

नेपाली विद्यार्थी आन्दोलनको सन्दर्भमा अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) अग्रगामी, देशभक्त र वामपन्थी विद्यार्थीहरूका क्रान्तिकारी संगठन थिए र यी दुबै संगठनको ऐतिहासिक एकताको प्रक्रियाबाट जन्मिएको, स्थापनाकालकै नामबाट नामाकरण गरिएको र हाल उच्चारित नाममा एकताको प्रशस्त भावलाई सम्बोधन गरिएको वलिदानको अद्धितीय जगमा निर्माण गरिएको हाम्रो संगठन अनेरास्ववियू नै नेपाली विद्यार्थी आन्दोलनको अग्रगामी, देशभक्त, प्रगतिशील र क्रान्तिकारी संगठन हो ।

**नेपाल विद्यार्थी संघ :**

नेपाली जनताले सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद विरूद्ध देशभित्र र भारतीय विस्तारवाद एवम् अमेरिकी साम्राज्यवादका विरूद्ध लामो संघर्ष सञ्चालन गर्दै आइरहेका छन् । सामन्तवादको राजनैतिक प्रतिनिधि राजतन्त्रको अन्तपछि दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादका अबशेषका विरूद्ध संघर्ष जारी छ । दलाल तथा नोकरशाही पुँजीपति वर्गको राजनैतिक प्रतिनिधि नेपाली काँग्रेस र उसको नजिक रहेको नेपाल विद्यार्थी संघ यथास्थितिवादी, प्रतिक्रियावादी धाराको प्रमुख प्रतिनिधि संगठन हो । यो सामन्तवादसँगको गठजोड रहेको

राष्ट्रिय आत्मसमर्पणवादी चरित्रका कारण विद्यार्थी आन्दोलनको प्रगतिशील र अग्रगामी धारबाट च्यूत हुँदै गइरहेको छ । शिक्षा क्षेत्रको अभिजात वर्गसँग अपवित्र साँठगाँठ गरी बहुसङ्ख्यक विद्यार्थीहरूलाई गुमराहमा पार्दै आइरहेको छ । आन्तरिक संगठनात्मक किचलो र गुटगत स्वार्थका कारण अस्तित्वको सङ्कटमा उभिएको यस संगठनको पतनको दिशालाई कसैले रोक्न सक्ने छैन । नेविसंघको भ्रममा रहेका केही इमान्दार, प्रगतिशील र देशभक्त साथीहरूलाई क्रान्तिकारी आन्दोलनमा गोलबन्द गर्ने प्रयास गर्नुपर्दछ । कैयौँ शैक्षिक, राजनीतिक र जनजीविकासँग सम्बन्धित सवालमा नेविसंघसँग कार्यक्रमिक सहकार्य गरेर अगाडि बढ्न तयार रहनुपर्दछ ।

**मधेशवादी विद्यार्थी संगठनहरू :**
खासगरी मधेश आन्दोलनपछि पुनर्गठन भएका मधेशवादी विद्यार्थी संगठनहरूमा जातीय र क्षेत्रीय सङ्कीर्णता अधिक देखिन्छ । वर्गीय मुक्ति बिना कुनै पनि मुक्ति सम्भव छैन भन्ने सुस्पष्ट तथ्यलाई बिर्सेर मधेश मुक्तिको कुरा गर्नु त्यही सङ्कीर्णताको परिणाम हो । देशव्यापी संगठनात्मक सञ्जाल नभए पनि मधेश तराइमा यी विद्यार्थी संगठनहरू क्रियाशील देखिन्छन् । जातीय र क्षेत्रीय रूपमा अस्तित्वमा रहेका विद्यार्थी संघ संगठनहरूलाई उनीहरू भित्र रहेको अन्धजातिवाद र अन्धराष्ट्रवादलाई छलफल र संघर्षद्वारा हल गर्दै राष्ट्रियता, गणतन्त्र र संघीयता र धर्म निरपेक्षता लगायतका मिल्ने हदसम्मका सवालमा सहकार्य गरेर अगाडि बढ्नुपर्दछ ।

**अन्य वामपन्थी विद्यार्थी संगठनहरू :**
अन्य विभिन्न समूहमा छरिएर रहेका वामपन्थी विद्यार्थी संगठनहरू चरम अवसरवादको सिकार बनेका छन् । एकता–संघर्ष र रूपान्तरणको नीति अवलम्बन गर्दै एउटै अखिल बनाउने दिशामा दीर्घकालीन ढङ्गले पहल गर्ने र तत्काल मिल्न सकिने मुद्दामा सहकार्य गरेर अगाडि बढ्ने नीति लिनुपर्दछ ।

## ४. नेपाली विद्यार्थी आन्दोलनका उपलब्धिहरू :

१. जहाँनिया राणा शासन, निरङ्कुश पञ्चायती शासन र निरङ्कुश सामन्ती राजतन्त्रका विरूद्ध जेहाद छेडेर नेपालको राजनीतिक परिवर्तनको आन्दोलनमा प्रभावकारी भूमिका निर्वाह गर्न सफल भएको । २४० वर्ष देखिको राजतन्त्रलाई समाप्त गरेर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्न महत्त्वपूर्ण योगदान ।

२. नेपाल र नेपालीका विरूद्ध भए गरेका असमान सन्धि, सम्झौता, सिमा अतिक्रमण र वैदेशिक हस्तक्षेपका विरूद्ध राष्ट्रियताको पहरेदारको भूमिका निर्वाह गर्न सफल भएको ।

३. सामाजिक न्याय, समानता र जनअधिकार प्राप्तिको लडाईमा संगठनको स्थापना र विकाससँगै आफूलाई सडक बाघ सावित गर्दै सामन्त, दलाल र नोकरशाहीतन्त्रको मुटु थर्काउन सफल भएको ।

४. जनसरोकारका विषयहरूमा जनताको सारथी बनेर महङ्गी र कालाबजारीका विरूद्ध संघर्ष गर्दै नेपाली विद्यार्थीहरूलाई विशेष राहत र सुविधा उपलब्ध गराउन सफल भएको । यातायातमा ४५ प्रतिशत छुट, स्वास्थ्य र मनोरञ्जनमा ५० प्रतिशत छुट आदि यसका राम्रा उदाहरण हुन् ।

५. विद्यार्थीहरूको साझा संस्था स्ववियु स्थापनाको मागपुरा गर्दै स्ववियू मार्फत विद्यार्थीको हक, हित र अधिकारको सवालमा महत्त्वपूर्ण योगदान पुऱ्याउन नेपालको विद्यार्थी आन्दोलन सफल भएको ।

६. नेपालको संविधानमा शिक्षालाई जनताको मौलिक हकको रूपमा परिभाषित गर्न पनि सफल रह्यो ।

७. शिक्षामा निजीकरण, व्यापारिकरण र माफीयाकरणका विरूद्धको

आन्दोलनलाई राष्ट्रव्यापी रूपमा मात्र नभै अन्तर्राष्ट्रियस्तरमा बहसको विषय बनाउन सफल भएको ।

८. उद्यमशिलताको विकासका लागि शैक्षिक सर्टिफिकेटका आधारमा विद्यार्थीहरूलाई निर्ब्याजी शैक्षिक तथा व्यावसायिक ऋण उपलब्ध गराउने आन्दोलनको परिणाम स्वरूप शैक्षिक प्रमाणपत्रको आधारमा न्युनतम ब्याजदरमा रू ७ लाख सम्म ऋण उपलब्ध गराउने घोषणा गराउन सफल भएको आदि ।

९. सामन्तवाद र साम्राज्यवादका विरूद्धको संघर्षमा अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत आफूलाई जुझारू रूपले प्रस्तुत गर्न सफल भएको ।

१०. विद्यार्थी आन्दोलनलाई किसान, मजदुर, महिला, दलित तथा पिछडिएको वर्ग र जातिको उत्थान र विकासको लागि विभिन्न जनवर्गहरूसँग जोड्दै समग्र जनमुक्ति आन्दोलनको आवाज बनाउन सफल भएको ।

११. जनक्रान्तिका भिषण संघर्षमा विद्यार्थी आन्दोलनलाई जोड्दै "बलिदान राष्ट्रको लागि" भन्ने उक्तिलाई व्यवहारमै चरितार्थ गरेको ।

**ट. महत्वपूर्ण कार्यभारहरू :**

- विद्यार्थी आन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै सरकार लगाएत अन्य सरोकारवाला निकायहरूले अखिल र अखिल (क्रान्तिकारी) सँग गरेको विभिन्न सम्झौताहरूको कार्यान्वयनका लागि दबावपूर्ण आन्दोलन सिर्जना गर्नु ।
- सामाजिक न्याय, समानता र जनजिविकाका मुद्दाहरूमा दबाव, खबरदारी र जागरणको आन्दोलन गर्नु ।
- "शिक्षा नागरिकको मौलिक हक हो" भन्ने संवैधानिक व्यवस्थालाई लागु गराउन विद्यार्थीलाई परिचालित गर्नु ।
- विद्यार्थी सरोकारका मुद्दाहरू शिक्षा, स्वास्थ्य रोजगार तथा उद्यमशिलताको विकासका लागि सर्टिफिकेटका आधारमा

विद्यार्थीहरूलाई निर्ब्याजी ऋण उपलब्ध गराउन राज्यलाई दबाव दिनु ।

- आम नेपाली विद्यार्थीहरूमा राष्ट्रियताको भावना जागृत गराउँदै राष्ट्रियताको संरक्षण र सर्म्वद्धनको लागि आन्दोलनमा सहभागी गराउनु ।
- शिक्षा क्षेत्रभित्र हुर्किरहेको निजीकरण, व्यापारिकरण, विभेद, माफियाकरण तथा अराजकतालाई निश्तेज पार्न आम विद्यार्थीहरूलाई सङ्गठित गर्दै शिक्षा, स्वास्थ्य जस्ता आधारभूत विषयहरूलाई पूर्ण रूपमा राज्यको स्वामित्वमा सञ्चालन गर्न सशक्त दबापूर्ण आन्दोलनको अगुवाई गर्नु ।
- संगठनको आन्तरिक जीवनलाई एकताबद्ध गरी चुस्त दुरूस्त तुल्याई सामाजिक, आर्थिक, राजनैतिक र शैक्षिक परिवर्तनको लागि जागरणको अभियान सञ्चालन गर्नु र संगठनलाई समाजवाद निर्माणको अग्रणी साधनको रूपमा तयार गर्नु ।
- विद्यार्थी आन्दोलनको क्रममा तयार भएको त्याग, बलिदान र उत्सर्गको गौरवशाली र बलशाली इतिहासलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु ।
- शैक्षिक आन्दोलनसँगै रचनात्मक क्रियाशिलताको अभियानलाई अगाडी बढाउनु आदि ।
- विद्यार्थी आन्दोलनलाई सामन्तवाद र साम्राज्यवाद विरूद्धको विश्वव्यापी आन्दोलनको एक हिस्साको रूपमा विकास गर्नु ।
- विभिन्न जनवर्गका न्यायपूर्ण आन्दोलनसँग विद्यार्थी आन्दोलनलाई एकाकार पार्नु ।

## शैक्षिक कार्यदिशा

स्थापना कालदेखि नै जनवादी (वैज्ञानिक, जीवनपयोगी, समान र निःशुल्क) शिक्षा प्राप्तिको अभिष्टता लिएर भिन्न-भिन्न तरिकाले शैक्षिक आन्दोलनको नेतृत्व गर्दै आईरहेका नेपालका दुई शक्तिशाली वाम विद्यार्थी संगठन अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) को एकता राजनैतिक तथा शैक्षिक आन्दोलनको दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण समयमा सम्पन्न

हुँदैछ । राजनैतिक सन्दर्भले जनवादी तथा पुँजीवादी क्रान्तिका आधारभूत कार्यभार पूरा गरेर समाजवादी क्रान्तिको आधार निर्माण गर्ने गरी प्रगतिशील राष्ट्रिय पुँजीवादको विकास गर्दै समाजवाद उन्मुख जनताको जनवादलाई सुदृढ गर्ने राजनैतिक कार्यदिशासहित शक्तिशाली कम्युनिष्ट केन्द्रको रूपमा नेपाल कम्युनिष्ट पार्टीको गठन भएको छ । नेपालको सन्दर्भमा टुटफूट र विभाजनको परिणाम स्वरूप प्रायः प्रतिपक्षको भूमिकामा रहदै आएको नेपालको कम्युनिष्ट आन्दोलन यो एकतापछि पहिलोपटक संघ, प्रदेश र स्थानीय तह, सदन र सरकार जताततै स्पष्ट बहुमतसहित राज्यको बागडोर सम्हालिरहेको छ । उपरोक्त राजनैतिक सन्दर्भले मात्रै होइन शैक्षिक आन्दोलनको सन्दर्भले पनि हामी जनवादी शिक्षा प्राप्तिको यो चरणसम्म आईपुग्दा प्राप्त भएका उपलब्धिलाई संस्थागत गर्दै शैक्षिक आन्दोलनलाई नयाँ ढङ्ले क्रमभङ्ग गर्नुपर्ने ऐतिहासिक क्षणमा आईपुगेका छौँ । हामीले अवलम्बन गर्ने शैक्षिक आन्दोलनको कार्यदिशालाई हामीले अवलम्बन गर्ने राजनैतिक कार्यदिशाले निर्धारण गर्दछ । नेकपाको राजनैतिक कार्यदिशाले समाजवाद उन्मुख जनताको जनवादलाई सुदृढ गर्ने उद्देश्यलाई आत्मसाथ गरेको छ । हामीले जनवादी क्रान्तिको क्रममा प्राप्त भएका शैक्षिक हकहरूलाई कार्यन्वयन गर्दै समाजवादी शिक्षा प्राप्त गर्ने रणनैतिक उद्देश्यमा अन्तरनिहित कार्यदिशा निर्माण गरिनुपर्दछ ।

**जनवादी शिक्षा प्राप्तिको प्रारम्भिक चरण ! शैक्षिक हक प्राप्तिको चरण** :

राजनैतिक र शैक्षिक आन्दोलनको दृष्टिकोणले अनेरास्ववियू (क्रान्तिकारी) र अनेरास्ववियु दुबै संगठनको गौरवशाली पृष्ठभूमि छ । खासगरी शैक्षिक आन्दोलनको कोणबाट हेर्दा पुरानो सामन्ती राजतन्त्रात्मक व्यवस्थाप्रति बफादार शिक्षा प्रणालीको समुल नष्ट गर्दै सारतः जनवादी शिक्षा प्राप्त गर्ने रणनैतिक लक्ष्यमा हाम्रो शैक्षिक आन्दोलन केन्द्रित रह्यो । एकातर्फ अनेरास्ववियुले शान्तिपूर्ण तथा वैधानिक आन्दोलन मार्फत जनवादी शिक्षा प्राप्तिको अभियानमा आम विद्यार्थीहरूलाई संगठित गर्दै सम्पूर्ण विद्यालय, कलेज र विश्वविद्यालयमा व्यापक

र प्रभावकारी विद्यार्थी आन्दोलनको नेतृत्व गऱ्यो भने अर्कोतर्फ जनवादी शिक्षा प्राप्तिको रणनैतिक उद्देश्यमा शैक्षिक आन्दोलन केन्द्रित गरिरहेको अनेरास्ववियू (क्रान्तिकारी) ले पुरानो सत्ता र शिक्षा प्रणालीका विरूद्ध जीवनमरणको संघर्ष गर्ने क्रममा आफ्नो संगठनमाथि लगाईएको प्रतिबन्ध र आतङ्ककारीको आरोप तथा टाउकाको मूल्य तोक्दा समेत वैधानिक संघर्ष र जनयुद्धको प्रत्यक्ष मोर्चा मार्फत हजारौँ नेता कार्यकर्ताहरूको वलिदानको उत्कर्षबाट विद्यालय, कलेज, विश्वविद्यालय तथा ग्रामीण क्षेत्रमा जनवादी शिक्षा प्राप्तिको आन्दोलनमा क्रान्तिकारी धाराको नेतृत्व गऱ्यो ।

शैक्षिक आन्दोलनको यस चरणमा जुनसुकै तरिका र प्रक्रिया मार्फत शैक्षिक एजेण्डा र आन्दोलन उठान गरे पनि सारतः सामन्ती राजतन्त्रात्मक व्यवस्थाको रक्षार्थ निर्माण गरिएको असमान, अवैज्ञानिक, स्तुतिवादी तथा बुर्जुवा शिक्षा प्रणालीको अन्त गर्दै, समान, निःशुल्क वैज्ञानिक तथा व्यवहारिक चरित्र बोकेको जनवादी शिक्षा प्राप्त गर्ने रणनैतिक लक्ष्यमा नै शैक्षिक आन्दोलन केन्द्रित रह्यो । मुख्य गरी राजतन्त्रप्रति वफादार जनशक्ति उत्पादन गर्ने तत्कालिन शिक्षा प्रणाली अन्तर्गत राजा महाराजाको नामबाट शिक्षण संस्थाको नामाकरण गर्ने, स्तुतिवादी राष्ट्रिय गान, पाठ्यक्रम र नीजिकरण विरूद्धको आन्दोलन नै बढी प्रभावकारी बन्न पुग्यो । यसको अतिरिक्त "शिक्षा दान होईन अधिकार हो" भन्ने मान्यतालाई स्थापित गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पुनर्संरचना र त्यसअनुरूपको शैक्षिक पुनर्संरचनामा हाम्रो शैक्षिक आन्दोलन निर्णायक सावित भयो । परिणामतः नेपालको इतिहासमा जननिर्वाचित संविधान सभा मार्फत बनेको संविधानमा आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारीलगायत महत्त्वपूर्ण शैक्षिक हकहरू स्थापित भएका छन् भने क्रमशः माध्यमिक तह हुँदै उच्च शिक्षासम्म निःशुल्क र समान बनाउदै लैजाने तथा आर्थिक विपन्नता, अपाङ्गता तथा समाजिक विभेदमा परेका विद्यार्थीहरूलाई सकारात्मक विभेदका आधारमा विशेष अधिकार प्राप्त भएका छन् । संघीयताको कार्यान्वयनसँगै माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहमा

दायित्व प्रदान गरिएको छ भने त्यसरी शैक्षिक सेवा प्रदान गर्ने निकाय र सरकारी संरचना तथा शिक्षण सस्थाहरू क्रमशः प्रदेश र स्थानीय तहमा विस्तार गरिँदैछ । यसरी हेर्दा जनवादी तथा पुँजीवादी क्रान्तिको पहिलो चरण नागरिक तथा राजनैतिक हक प्राप्तिको चरण भए जस्तै जनवादी शिक्षा प्राप्तिको पहिलो चरण शैक्षिक हक प्राप्तिको चरण सावित भयो । अब प्राप्त भएका शैक्षिक हकहरूको दृढतापूर्वक कार्यान्वयन गर्दै जनवादी शिक्षाका बाँकी कार्यभारहरूलाई पुरा गर्ने आन्दोलनले समाजवादी शिक्षा प्रणालीका आधारहरू खडा गर्दछ ।

**जनवादी शिक्षा प्राप्तिको प्रारम्भिक चरणमा प्राप्त शैक्षिक उपलब्धिहरू :**

१. सामन्ती एकात्मक शिक्षा प्रणालीको अन्त्य :
जनवादी शिक्षा प्राप्तीको पहिलो चरणमा सामन्ती राजतन्त्रात्मक व्यवस्थाप्रति उत्तरदायी शिक्षा प्रणाली, शैक्षिक नीति तथा कार्यक्रम र पाठ्यक्रममा अभिव्यक्त सामान्तवादका अवशेषहरूलाई मूलभूत रूपमा अन्त्य गरिएको छ । र संघीय लोकतान्त्रिक गणतन्त्र सापेक्ष शिक्षा नीति र संरचनाको विकास गरिएको छ ।

२. नागरिकको मौलिकहक र राज्यको दायित्वकोरूपमा शिक्षा :
नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ भने आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको ग्यारेण्टी गरिएको छ । शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका आधारभूत मानवीय आवश्यकताका विषय पनि मौलिक हकको रूपमा स्थापित भएका छन् ।

३. अपाङ्गतामैत्री शिक्षा : अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा पाउने हक संविधानमा स्थापित भएको छ भने दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धि अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून वमोजिम निःशुल्क शिक्षा प्राप्त गर्ने विशेष शिक्षाको हक स्थापित भएको छ ।

४. संघीय शिक्षा प्रणालीमा अधिकारको बाँडफाँटः संघीय गणतन्त्र नेपालको निर्माणसँगै संघीय शिक्षा प्रणली मुलुकमा लागू भएको छ । केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय संघीय सरकारको अधिकार र दायित्वभित्र राखिएको छ । त्यसैगरी प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय, माध्यमिक तहको परीक्षाको व्यवस्थापन लगायतका अधिकारहरू प्रादेशिक सरकारको दायित्वभित्र राखिएको छ । आधारभूत र माध्यमिक तहको सम्मूर्ण दायित्व स्थानीय तहलाई प्रदान गरिएको छ । यसरी हेर्दा शैक्षिक नीति निर्माण र कार्यन्वयन गर्ने संरचनाहरू विकेन्द्रित भएका छन् र स्थानीय सापेक्षतामा पनि शैक्षिक नीति कार्यक्रमहरू निर्माण गर्ने अधिकार गाँउसम्म पुगेको छ ।

५. समावेशी शिक्षा : संविधानको धारा ३८ (५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने कुरा उल्लेख गरेको छ । त्यसैगरी धारा ४० (२) ले दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म कानून वमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ भनेको छ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने कुरा उल्लेख छ । नेपालका प्रत्येक नागरिकलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने हक पनि संविधानमा व्यवस्था भएको छ । हाम्रो आन्दोलनको उपलब्धि स्वरूप प्रत्येक शिक्षण संस्थाहरूको प्रवेश परीक्षा तथा छात्रवृत्ति छनौट लगायतका प्रक्रियामा समावेशी सिद्धान्तलाई आत्मसात् गर्ने अवस्था सिर्जना भएको छ ।

६. उच्च शिक्षामा जनताको पहुँचमा विस्तारः बहुविश्वविद्यालय तथा विषयगत विश्वविद्यालयको अवधारणा कार्यान्वयन भएको छ । जसले गर्दा प्रादेशिक प्रकृतिका विश्वविद्यालय र ती विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरू गाँउ–गाँउसम्म पुगेका छन् । खुल्ला विश्वविद्यालयको

स्थापनाले औपचारिक समय, स्थान र उमेरमा पढ्न नपाएका विद्यार्थीहरूले समेत उच्च शिक्षा अध्ययन गर्ने वातावरण निर्माण भएको छ ।

७. प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड : प्रत्येक निर्वाचन क्षेत्रमा विज्ञान सङ्काय विस्तार भएको छ । सिटीईभिटी अन्तर्गतका प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू सरकारी विद्यालयहरू मार्फत ग्रामीण क्षेत्रतिर विस्तार भएका छन् । कृषि तथा वन विश्वविद्यालयको स्थापना र त्यसका आङ्गिक क्याम्पसहरू स्थापना भइरहेका छन् । विगतको तुलनामा प्राविधिक शिक्षामा सामान्य भए पनि राज्यले लगानी बढाएको छ । राज्यको नीति निर्देशक सिद्धान्त अन्तर्गत नै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमुलक, रोजगारमुलक एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भनिएको छ ।

८. सार्वजनिक शिक्षामा प्राथमिकता : शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउने कुरालाई राज्यको आधारभूत आवश्यकता सम्बन्धि नीति अन्तर्गत उल्लेख गरिएको छ । कम्पनी ऐन मार्फत विद्यालय खोल्ने प्रावधानको अन्त्य भएको छ । क्रमशः सहकारी तथा गैरनाफामुलक संस्था हुदै राष्ट्रियकरण गर्दै जाने लक्ष्य राज्यले लिएको छ ।

९. सहिद परिवार तथा द्वन्द्वपीडित विद्यार्थीहरूको सम्बोधन : आज हरेक शिक्षण संस्थाहरूका प्रवेश परीक्षा तथा छात्रवृत्ति छनौट लगायतका प्रक्रियामा जनयुद्ध तथा जनआन्दोलनका शहीद परिवार तथा द्वन्द्वपीडित घाइते विद्यार्थीको कोटाहरू छुट्याउने व्यवस्था स्थापित भएको छ ।

१०. शैक्षिक कर्जा प्राप्त गर्ने अधिकार स्थापित : शैक्षिक प्रमाणपत्र धितो राखेर विद्यार्थीहरूले शैक्षिक ऋण प्राप्त गर्ने आन्दोलनले सफलता प्राप्त गरेको छ ।

११. समाजवादी शिक्षाको परिकल्पना : संविधानको भाग ४ धारा ५१ को राज्यका नीतिहरूमा, (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति :

१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमुलक, रोजगारमुलक एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।
२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको नीजी क्षेत्रको लगानीलाई
नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउने ।
३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउदै लैजाने ।

**शिक्षा क्षेत्रमा देखिएका विद्यमान समस्याहरू :**

१. संघीयताको कार्यन्वयनसँगै संघीय शिक्षा ऐन लगायत आवश्यक कानून बनिनसकेको सङ्क्रमणकालिन अवस्थामा शिक्षा क्षेत्रको समग्र कार्यसम्पादन तथा नियमन प्रक्रियामा देखिएको अन्यौलताले राज्यको दायित्व पूरा हुन सकिरहेको छैन । माध्यमिक तहसम्म स्थानीय तहले हेर्ने संवैधानिक व्यवस्था अनुसार स्थानीय तहको सिमित साधन, स्रोत र जनशक्तिका कारणले अपेक्षित रूपमा अधिकार र दायित्व पूरा हुने अवस्था देखिदैन ।
२. शिक्षा क्षेत्रको विद्यमान अवस्थामा सबैभन्दा ठुलो चुनौतिको रूपमा शैक्षिक नीजिकरण र व्यापारीकरण देखा परेको छ । राज्यलाई नै चुनौति दिनेगरी शैक्षिक माफियाहरूले मनपरी शैक्षिक व्यापार गर्ने र नियम, कानून र राज्यको संयन्त्रलाई व्यवास्था गर्दा पनि प्रभावकारी नियमन र कार्वाही हुन सकिरहेको छैन । एकातिर आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी लगायतलाई राज्यले मौलिक हकको रूपमा संविधानमा व्यवस्था गर्ने अर्कोतर्फ शैक्षिक निजीकरणले शैक्षिक क्षेत्रलाई आक्रान्त बनाउनुले हाम्रो शैक्षिक विकास विपरित दिशातिर लम्किरहेको देखिन्छ ।
३. राज्यसँग दीर्घकालीन शैक्षिक योजनाको अभावको कारण हामीले परिकल्पना गरेको समाजवाद उन्मुख राज्य निर्माण गर्न के कस्तो प्राकृतिक तथा मानवीय साधन स्रोत परिचालन गर्न के कस्तो दक्ष तथा प्राविधिक जनशक्ति आवश्यक पर्ने हो सो को वैज्ञानिक प्रक्षेपण बिना नै मनपरी शिक्षण

संस्था खोल्ने, जनशक्ति उत्पादन गर्ने कार्यले कुनै विषयमा आवश्यकता भन्दा धेरै जनशक्ति उत्पादन भै बेरोजगारीको समस्याले दक्ष तथा प्राविधिक जनशक्ति विदेश पलायन हुनुपर्ने बाध्यता छ भने अर्कोतिर कुनै विषयमा अध्ययन गर्ने प्रयाप्त अवसर नहुँदा नेपाली विद्यार्थी र लगानी विदेश पलायन हुनुपर्ने विवशता छ ।

४. विगतमा अलग–अलग ऐन मार्फत स्थापना गरिएका विश्वविद्यालयहरूले आफ्नो सेवा देशभर नै विस्तार गरेका छन् । विश्वविद्यालयहरूलाई सञ्चालन र नियमन गर्ने एकीकृत ऐनको अभावमा एकै प्रकृतिका विश्वविद्यालयको वर्गीकरण र समन्वयको समस्या विद्यमान छ । जसले गर्दा संघीय सरकार र प्रादेशिक सरकारले दायित्व व्यहोर्नु पर्ने तथा विषयगत विश्वविद्यालयहरूको विशिष्टतामा समेत समस्या पैदा भएको छ ।

५. विश्वविद्यालय र अध्ययन संस्थानहरूमा हुने राजनैतिक भागबण्डा र नियुक्तिले गर्दा विश्वविद्यालय र संस्थानका पदाधिकारी तथा पेशागत संघ/सङ्गठनहरू प्राज्ञिक मर्यादा र शैक्षिक दायित्व भन्दा पनि राजनैतिक उद्देश्य र पूर्वाग्रहमा तल्लीन भइरहको देखिन्छ । शिक्षा, स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा राजनैतिक उद्देश्यद्वारा प्रेरित भएर हुने बन्द, हडताल, अनशन आदी आन्दोलनहरूले शिक्षा र स्वास्थ्य क्षेत्रलाई झनै धरासायी बनाईरहेको छ ।

६. त्रिभुवन विश्वविद्यालयले आवश्यक भौतिक पूर्वाधार, नयाँ पाठ्क्रम, शैक्षिक क्यालेण्डर तथा शिक्षण पद्धति निर्माण नगरी केवल नाममात्रको सेमेस्टर प्रणाली लागू गर्दा नत शैक्षिक गुणस्तर कायम हुनसक्यो नत शैक्षिक क्यालेण्डर नै लागू भएको छ । यदि यहि नै सेमेस्टर प्रणालीको अन्तरवस्तु हो भने उक्त सेमेस्टर प्रणालीको औचित्य पुष्टी हुने देखिँदैन ।

७. आफ्नो निर्वाचन घोषणपत्रमा न्यूनतम २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजित गर्ने प्रतिवद्धता गरेको कम्युनिष्ट सरकारले यो आ.व.मा करीब १०.२३ प्रतिशत मात्रै बजेट विनियोजित गरेको छ । शिक्षा क्षेत्रमा राज्यले आवश्यक

बजेट विनियोजित गर्न नसक्दा खासगरी विद्यालय तह र उच्च शिक्षाको गुणस्तर, भौतिक पूर्वाधार, ल्याब, लाईब्रेरी, अनुसन्धान र दक्ष जनशक्ति व्यवस्थापन जस्ता विषयहरूमा बजेटको अभाव देखिएको छ । जसको कारणले सार्वजनिक शिक्षाको गुणस्तर वृद्धिमा निकै चुनौति देखा परेको छ ।

८. सरकारी तथा नीजि सबै शिक्षण संस्थाहरूले उपलब्ध गराउनुपर्ने छात्रवृत्तिको प्रतिशत निकै न्युन छ । त्यहि छात्रवृत्ति छनौट तथा प्रदान गर्ने कार्य पनि पहुँच र शक्तिका आधारमा अपारदर्शी र मनोमानी तरिकाले वितरण हुनुले लक्षित वर्गले छात्रवृत्ति पाइरहेको अवस्था छैन ।

९. त्रिभुवन विश्वविद्यालय लगायतका सरकारी स्वामित्वका विश्वविद्यालयहरूले आफ्ना आङ्गिक क्याम्पसहरूलाई सुदृढ गर्ने नयाँ तथा प्राविधिक र प्रविधिमैत्री कार्यक्रमहरू सञ्चालन गर्नेभन्दा पनि निजी कलेजहरूलाई नयाँ र प्राविधिक विषयहरूको सम्बन्धन बाँड्ने र उच्च शिक्षामा निजीकरणलाई व्यापक प्रोहत्सान गर्ने काम भइरहेको छ ।

१०. पछिल्लो चरणमा स्थापना भएका सुदूरपश्चिम विश्विविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र कृषि तथा वन विश्वविद्यालयलगायतका विश्वविद्यालयहरूले आफ्ना आङ्गिक क्याम्पसहरूलाई सुदृढ गर्नेभन्दा पनि निजी कलेजहरूलाई सम्बन्धन दिने प्रक्रियामा लागेको देखिन्छ । जसले गर्दा उच्च शिक्षामा निजी क्षेत्रको प्रभाव बढ्ने र निम्नवर्गीय तथा किसानवर्गीय जनताका छोराछोरीको पहुँच नपुग्ने देखिन्छ ।

११. पूर्व प्राथमिक, प्लेग्रुप तथा मन्टेश्वरी कक्षाहरूका नाममा जथाभावी शिक्षण संस्थाहरू स्थापना हुने र मनपरी शुल्क अशुल्ने प्रक्रिया चलिरहेको छ । ती कक्षाहरूलाई अनुगमन र नियमन गर्ने संयन्त्र समेतको प्रभावकारिता देखिँदैन ।

१२. नयाँ राज्य संरचनामा कर्मचारीतन्त्रको पुरानै प्रवृत्तिको बाहुल्यताले गुणस्तरीय र प्रभावकारी शैक्षिक सेवा प्रदान भइरहको अवस्था छैन । अर्कोतर्फ नयाँ पाठ्यक्रम, नयाँ शैक्षिक कार्यक्रम र पुरानै प्रवृत्ति तथा सिपका शिक्षक तथा प्राध्यापकहरूका कारण सार्वजनिक शिक्षाको गुणस्तर कायम गर्ने कुरामा निकै बाधा पुऱ्याईरहेको छ ।

१३. विदेशी कुटनैतिक नियोगका नाममा एकभन्दा बढी विदेशी विद्यालय खोल्दै जाने, विदेशी विश्वविद्यालयलाई मनपरी अनुमति प्रदान गर्ने र शैक्षिक परामर्शदाताहरूका नाममा नेपालमा खुल्लमखुल्ला नेपाली विद्यार्थीहरूलाई विदेश लैजाने प्रक्रियालाई रोक्न नसक्दा जनशक्ति र पुँजिको विदेश पलायनलाई थप टेवा पुऱ्याईरहेको छ ।

**समाजवादी शिक्षा प्रणालीको आधार निर्माण गरौं ।**
**शिक्षालाई नागरिकको मौलिक हक र राज्यको दायित्वको रूपमा विकास गरौं ।।**

नेपालको संविधान र राजनैतिक कार्यदिशाले निर्देशित गरेअनुरूप हामी समाजवाद उन्मुख राज्य व्यवस्थाको निर्माणका लागि जनवादी क्रान्तिको चरणमा प्राप्त भएका उपलब्धिहरूको रक्षा र विकास गर्दै समाजवादको आधार खडा गर्ने दिशामा अगाडि बढ्दै छौँ । विद्यार्थी आन्दोलन र शैक्षिक कार्यदिशाको सन्दर्भमा हामीले समाजवादी शिक्षा प्राप्त गर्ने रणनैतिक उद्देश्यमा दृढ रहँदै  तत्कालीन कार्यनीतिको रूपमा जनवादी शिक्षा प्राप्तिको आन्दोलनबाट प्राप्त भएका शैक्षिक हकहरूको कार्यान्वयनमा जोड दिदै शिक्षा क्षेत्रलाई आम नागरिकको मौलिक हक र राज्यको दायित्वको रूपमा विकास गर्न आवश्यक छ । जनवादी शिक्षाको सुदृढीकरण गर्दै समाजावदी शिक्षाका आधार खडा गर्ने सन्दर्भमा हामी शिक्षाका निम्न पाँच आयामलाई ध्यानमा राख्न जरूरी छ ।

क) विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने –गुणस्तरीय तथा प्राविधिक शिक्षा
ख) नेपालको प्राकृतिक साधान स्रोतलाई परिचालन, प्रशोधन र सदुपयोग गर्न सक्ने –मौलिक शिक्षा
ग) सामान्य जनताको पहूँचमा रहेको –सर्वसुलभ शिक्षा
घ) अधिकार, कर्तव्य र दायित्वबोध गराउने –नैतिक तथा समाजिक शिक्षा
ङ) शारिरीक र मानसिक रूपमा समृद्धि कायम गर्ने –स्वास्थ्य तथा शारिरीक शिक्षा

यसको अतिरिक्त शिक्षा क्षेत्रमा मौलाइरहेको निजीकरणलाई विस्थापन गर्ने आन्दोलनलाई तत्काल अभियानात्मक रूपमा अगाडि बढाउन जरूरी छ । खासगरी समाजवादी शिक्षा प्रणाली आधार निर्माण गर्ने हाम्रो शैक्षिक कार्यदिशालई हामीले मूख्यतः दुई कार्यनैतिक श्रृङ्खलामा अगाडि बढाउनु पर्दछ ।

पहिलोः जनवादी शिक्षा प्राप्तिको चरणमा प्राप्त भएका शैक्षिक हकहरूको कार्यन्वयन गर्ने संघीय शिक्षा ऐन, अनिवार्य शिक्षा ऐनलगायतका कानूनहरूको निर्माण गर्दै जनवादी अन्तरवस्तुका पाठ्यक्रम, पाठ्यपुस्तक तथा समग्र शिक्षा नीति र संरचनामा पुनर्संरचना गर्ने आन्दोलनको एजेण्डा बनाउनु पर्दछ । जसले गर्दा विश्वबजारमा प्रतिस्पर्धा गर्नसक्ने तथा नेपालको प्राकृतिक साधन स्रोतको परिचालन, प्रशोधन र सदुपयोग गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने शैक्षिक लक्ष्यमा पुग्न सहज होस् ।

दोस्रोः शिक्षा र स्वास्थ्यलाई आम नागरिकहरूको मौलिक हक र राज्यको दायित्वको रूपमा विकास गर्न क्रमशः माध्यमिक तह हुँदै उच्च तहसम्मको शिक्षालाई राष्ट्रियकरण गर्ने अभियानलाई शैक्षिक आन्दोलनको केन्द्रीय प्रश्न बनाउनु पर्दछ । खासगरी शिक्षा र स्वास्थ्यलाई राष्ट्रियकरण गर्न राष्ट्रिय अभियान नै सञ्चालन गरिनुपर्दछ ।

## आगामी शैक्षिक कार्ययोजना :

**क) नीतिगत तथा संरचनागत पुनर्संरचनाको पक्ष :**

१) राज्यको संघीय संरचनाअनुसार शैक्षिक पुनर्संरचना गरी सबै प्रदेश र स्थानीय निकायमा अधिकार सहितको शैक्षिक संरचनाहरूको निर्माण, संवैधानिक हकहरूलाई कार्यन्वयन गर्न संघीय शिक्षा ऐन र आवश्यक कानूनको निर्माण, पाठ्यक्रमको आधुनिकिरणलगायतका कार्यलाई उच्च प्राथमिकतामा राखिनु पर्दछ ।

२) हामीले परिकल्पना गरेको समाजवादी नेपाल निर्माण गर्न दीर्घकालीन शैक्षिक योजना निर्माण गरी राज्यलाई आवश्यक

पर्ने दक्ष र प्राविधिक जनशक्ति उत्पादनको विस्तृत प्रक्षेपण गरी राष्ट्रको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने गरी शैक्षिक योजना, नीति, कार्यक्रम र पाठ्यक्रम तर्जुमा गरिनु पर्दछ ।

३) नेपालमा सञ्चालित मदरसा, गुम्बा, गुरूकुल, आश्रम जस्ता धार्मिक स्वरूपका विद्यालयहरूलाई शैक्षिक समकक्षता प्रदान गर्न र आवश्यक दायित्व राज्यले लिने व्यवस्था गरिनु पर्दछ ।

४) शिक्षा क्षेत्रलाई उच्च प्राथमिकता राखी शिक्षा क्षेत्रमा कम्तिमा २० प्रतिशत बजेट विनियोजित गरिनुपर्ने आन्दोलनलाई निरन्तरता दिनु पर्दछ ।

५) लामो संघर्ष र विद्यार्थी आन्दोलनबाट प्राप्त भएको शैक्षिक प्रमाणपत्र धितो राखेर शैक्षिक कर्जा पाउने हकको तत्काल कार्यन्वयन गरिनु पर्दछ ।

६) संघीय संरचनाअनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको शैक्षिक अधिकार र दायित्व अनुसारको शैक्षिक योजना तथा नीति निर्माणमा केन्द्रित भएर शैक्षिक आन्दोलनलाई विकेन्द्रित गरिनु पर्दछ ।

७) हामीले परिकल्पना गरेको वैज्ञानिक समाजवाद निर्माणका लागि शिक्षा र स्वास्थ्यलाई राज्यको दायित्वको रूपमा विकास गर्दै क्रमशः सम्पूर्ण शिक्षालयहरूलाई राष्ट्रियकरण गर्ने अभियान सञ्चालन गरिनु पर्दछ ।

**ख) शिक्षामा राष्ट्रियता, हाम्रो प्रतिवद्धताः**

१) नेपालमा प्राप्त प्राकृतिक साधन स्रोतहरूलाई पहिचान, परिचालन, प्रशोधन र सदुपयोग गर्न सक्ने दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने, शैक्षिक नीति निर्माण, पाठ्यक्रमको निर्माण गर्ने एजेण्डामा हाम्रो आन्दोलन केन्द्रित गरिनु पर्दछ ।

२) कुटनीतिक नियोगहरूलाई एक-एक वटा विद्यालय खोल्न अनुमति दिने र उक्त विद्यालयमा सम्बन्धित नियोगका विद्यार्थीहरू मात्रै पठन-पाठन गर्ने व्यवस्था गरिनु पर्दछ । साथै एक कुटनीतिक नियोगले एकभन्दा बढि विद्यालय

खोलेको हकमा तत्काल समन्वय गरी खारेज गरिनु पर्दछ ।

३) विदेशी विश्वविद्यालयको सम्बन्धन र शैक्षिक कार्यक्रमहरूलाई नियमन गर्न छुट्टै ऐनको व्यवस्था गरिनु पर्दछ । खुला बजार र उदारिकरणको नारा लगाउँदै विदेशी विश्वविद्यालय र शैक्षिक परामर्श दाताको नाममा नेपालमा हुने शैक्षिक व्यापारलाई नियमन गर्ने अन्दोलनलाई प्रभावकारी तुल्याउनुपर्दछ ।

४) विदेशी नाम राखी सञ्चालनमा रहेका विद्यालयहरूका नामहरू तत्काल हटाइ नेपाली विशेषताको नामाकरण गर्ने आन्दोलनलाई पुनः सञ्चालन गरिनुपर्दछ ।

**ग) आधारभूत शिक्षा मौलिक हक तथा माध्यमिक शिक्षा निःशुल्क, कार्यन्वयनमा जोड :**

१) सार्वजनिक रूपमा सञ्चालित पूर्वप्राथमिक कक्षाहरूलाई विस्तार गरी "एक टोल एक बालशिक्षा कक्षा" सञ्चालन गरी सम्पूर्ण बालबालिकालाई विद्यालय जाने वातावरण निर्माण गरिनु पर्दछ ।

२) विद्यालयको पहुँचमा नपुगेका सडक बालबालिकाहरूलाई आवास सहितको अनिवार्य शिक्षा प्रदान गर्ने दायित्व राज्यले लिनु पर्दछ ।

३) नेपालको संविधान २०७२ ले व्यवस्था गरेको आधारभूत शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभुता लगायतका मौलिक हकहरूलाई यथाशिघ्र कार्यान्वयन गर्न तत्काल आवश्यक कानून निर्माण गरी व्यावहारिक रूपमा कार्यान्वयन गरिनु पर्दछ ।

४) संविधानमा व्यवस्था भएअनुसार माध्यमिक तहसम्म निःशुल्क शिक्षाको ग्यारेण्टी गरिनु पर्दछ ।

५) सार्वजिनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा भौतिक तथा मानवीय जनशक्ति व्यवस्थापन गर्न राज्यले लगानीमा वृद्धि गरिनु पर्दछ ।

**घ) सार्वजनिक शिक्षामा राज्यको दायित्व र निजी शिक्षाको विस्थापन हाम्रो अभियान :**

१) माध्यमिक तहसम्म निजी शिक्षालाई पूर्णतः विस्थापित गर्ने

रणनैतिक उद्देश्यका साथ आवधिक कार्यक्रममार्फत क्रमशः नियन्त्रण र नियमनको योजनावद्ध आन्दोलनको उठान गरिनु पर्दछ ।

२) माध्यमिक तहसम्मको शिक्षालाई प्रत्येक नागरिकको हक र राज्यको दायित्वको रूपमा स्थापित गर्न निजी शिक्षालयहरूको राष्ट्रियकरण गर्ने अभियानलाई शैक्षिक आन्दोलनको केन्द्रीय विषय बनाउनु पर्दछ ।

३) पूर्वप्राथमिक, प्लेग्रुप तथा मण्टेश्वरी कक्षाका नाममा सञ्चालित सबै निजी कक्षाहरूलाई अनुगमन र नियमनको लागि स्थानीय तह तथा शिक्षा इकाईबाट छुट्टै संयन्त्र निर्माण गरी प्रभावकारी नियमनको लागि योजनावद्ध आन्दोलन केन्द्रित गरिनु पर्दछ ।

४) सार्वजनिक शिक्षाको सम्पूर्ण दायित्व राज्यले लिनुपर्दछ । माध्यमिक तहसम्म अनिवार्य, निःशुल्क र सबैको पहुँच हुने भौगोलिक विविधता र वातावरणीय विशेषता अनुकूल आधुनिक भौतिक पूर्वाधार निर्माण, प्रयोगशाला, पुस्तकालय, आधुनिक प्रविधिमैत्री पाठ्यक्रम निर्माण, अङ्ग्रेजी भाषाबाट पठनपाठन गर्न आवश्यक बजेटको व्यवस्था गरिनु पर्दछ ।

६) सार्वजनिक शिक्षामा गुणस्तर र लगानी अभिवृद्धि गर्दै "एक स्थानीय तह एक नमुना विद्यालय" निर्माण गर्ने कार्यक्रम लागू गरिनु पर्दछ ।

७) दरबार हाइस्कूललगायत भुकम्पबाट क्षतिग्रस्त शिक्षण संस्थाहरूको पुनर्निर्माण कार्यलाई तिब्रता दिइनुपर्दछ ।

८) सरकारी सेवामा रहेका तथा सरकारी लाभ प्राप्त गरेका व्यक्तिहरूका छोराछोरीहरू अनिवार्य रूपमा सार्वजनिक विद्यालयमा पढाउने व्यवस्था गरिनु पर्दछ ।

९) विद्यालय शिक्षा तथा उच्च शिक्षामा शुल्क निर्धारण गर्ने संयन्त्रलाई बलियो र प्रभावकारी बनाई निजी शिक्षण संस्थाहरूको मनोमानीलाई नियमन गरिनु पर्दछ ।

१०) गुणस्तरीय शिक्षाको लागि गुणस्तरीय तथा विश्वसनीय परीक्षा प्रणाली, गुणस्तरीय प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षणलगायतका कार्यहरूलाई व्यवस्थित गरिनु पर्दछ ।

**ङ) समाजवादी शिक्षा प्रणालीको आधार : प्राविधिक तथा व्यावसायिक शिक्षा**

१) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्दै नेपालको संविधानले परिकल्पना गरेको समाजवादी राज्य व्यवस्था निर्माणको लागि प्राविधिक जनशक्ति उत्पादनमा विशेष जोड दिनु पर्दछ ।

२) प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गर्न माध्यमिक तहदेखि नै व्यावसायिक तथा प्राविधिक धारको पाठ्यक्रम लागू गरिनु पर्दछ ।

३) सिटिईभिटी मार्फत कम्तिमा "एक स्थानीय तह एक बहुप्राविधिक शिक्षालय" स्थापना गरी प्राविधिक तथा व्यावसायिक शिक्षालाई ग्रामिण क्षेत्रसम्म पुऱ्याउनु पर्दछ ।

४) प्राविधिक शिक्षा अन्तर्गत मेडिकल र इन्जिनियरिङमा सबै वर्ग र समुदायको पहुँच कायम गर्न कम्तीमा ४० प्रतिशत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नुको साथै उचित शुल्क निर्धारण गरी सुलभ बनाउँदै लिनु पर्दछ ।

५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को व्यवस्थापन, सम्बन्धन र अनुगमनको अधिकार सहितको प्रादेशिक संरचना स्थापना गरी प्रदेशहरूको सापेक्षता र विशिष्टतामा प्राविधिक तथा व्यावसायिक कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ।

**च) उच्च शिक्षामा गुणस्तर र पहुँचमा जोड :**

१) विश्वविद्यालयहरूबाट प्रदान गरिने उच्च शिक्षालाई व्यवस्थित र एकरूपतामा सञ्चालन गर्न सबै विश्वविद्यालयहरूको छाता ऐन निर्माण गरी सबै विश्वविद्यालयलाई सञ्चालन र नियमन गरिनु पर्दछ ।

२) विश्वविद्यालयहरूका पदाधिकारीहरू राजनैतिक भागवण्डाका आधारमा होइन कि दक्षता, विशेषज्ञता र कार्यक्षमताका आधारमा खुल्ला प्रतिस्पर्धा मार्फत नियुक्ति गरिनु पर्दछ ।

३) विश्वविद्यालयका सवै प्राध्यापक तथा कर्मचारीहरू सेवा आयोगको खुल्ला प्रतिस्पर्धा मार्फत भर्ना गरिनु पर्दछ ।

४) त्रिभुवन विश्वविद्यालयलाई विशेषज्ञताको केन्द्र बनाउँदै सरकारी योजना र लगानीमा नै "एक प्रदेश एक विश्वविद्यालय" र "एक जिल्ला एक आङ्गिक क्याम्पस" को अवधारणा कार्यान्वयन गरिनु पर्दछ ।

५) विश्वविद्यालयहरूलाई खोज र अनुसन्धान मूलक बनाई उच्च शिक्षाका विद्यार्थीहरूलाई राष्ट्रिय योजना आयोगको अनुसन्धानमा सहभागी बनाउनु पर्दछ ।

६) उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई सरकारको तर्फबाट अल्पकालिन जागिरको व्यवस्था गरिनु पर्दछ ।

७) सरकारी अनुदानमा सञ्चालित त्रिभुवन विश्वविद्यालय र आङ्गिक क्याम्पसहरूमा भौतिक संरचना, आधुनिक भवन, आधुनिक पुस्तकालय, प्रयोगशाला लगायतका संरचना निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनु पर्दछ ।

८) सेमेस्टर प्रणाली लागू गर्दा, शैक्षिक क्यालेण्डरको पूर्ण कार्यान्वयन, समान शुल्क, आधुनिक पाठ्यक्रम, पूर्वाधारको व्यवस्थापन, प्रविधिमैत्री र गुणस्तरीय शिक्षामा जोड दिनु पर्दछ ।

९) औपचारिक समय र स्थानमा अध्ययन गर्न नसकेका आम विद्यार्थीहरूलाई खुल्ला विश्वविद्यालय मार्फत सहज र सुलभ तरिकाले अध्ययन गर्ने वातावरण सिर्जना गरिनु पर्दछ ।

**छ) तिन वर्षमा नेपाललाई पूर्ण साक्षर मुलुक घोषणा**

१) विश्वविद्यालयका विद्यार्थीहरूलाई राष्ट्रिय स्वंयसेवकका रूपमा परिचालन गर्दै राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरी तीन वर्षभित्र नेपाललाई पूर्ण साक्षर राष्ट्र घोषणा गरिनु पर्दछ ।

२) ग्रामीण क्षेत्रमा रहेका सिप र क्षमताहरूलाई पाठ्यक्रमको रूपमा स्थापित गरी अनौपचारिक कक्षाहरूको रूपमा सञ्चालन गरी विस्तार गरिनु पर्दछ ।

# आगामी कार्ययोजना :

**क) वैचारिक कार्य :**

१. नेतृत्व र कार्यकर्ताहरूको वैचारिक चेतनास्तर उठाउन संगठनको आधारभूत विषयहरूको व्यवस्थित रूपले अध्ययन, प्रशिक्षण, अन्तर्क्रियाहरू योजनाबद्ध ढङ्गले सञ्चालन गर्ने ।

२. संगठनमा देखापर्ने सबैखाले अवसरवाद, अतिवाद र विचलनका विरूद्ध वैचारिक संघर्षलाई घनिभूत बनाउँदै संगठनको रूपान्तरणमा जोड दिदै कार्यकर्ताहरूलाई भौतिक उत्प्रेरणाको आधारमा हुने वैचारिक उत्प्रेरणाद्वारा काममा दत्तचित्त बनाउने ।

७. वैज्ञानिक समाजवादको रणनैतिक लक्ष्य प्राप्तिको निम्ति क्रियाशील रहने, राष्ट्रियता, जनतन्त्र र जनजिविकाको सवालमा नेतृत्वदायी र दबावमुलक भूमिका निर्वाह गर्ने ।

**ख) संगठनात्मक कार्य :**

१. संगठनात्मक सिद्धान्त, संगठनको विधान र कमिटी प्रणालीलाई कडाइपूर्वक लागू गर्ने ।

२. एक पद एक व्यक्तिको प्रणालीलाई लागू गर्दै चुस्त कमिटी निर्माणमा जोड गर्ने, एक शिक्षण संस्था एक इकाई र एक जुझारू दस्ताको योजना अनुरूप संगठन विस्तार, परिचालन र सुदृढीकरणलाई अभियानकै रूपले लैजाने ।

३. संगठनका तल्ला कमिटीहरूको एकता प्रक्रियालाई दुई महिनाभित्र सम्पन्न गरिसक्नु पर्ने ।

४. व्यापक सदस्यता वितरण अभियान सञ्चालन गर्ने, साधारण सदस्यलाई संगठित सदस्यमा रूपान्तरण गर्ने ।

५. वर्ग, जाती, क्षेत्र, लिङ्गको समानुपातिक र समावेशी सहभागीता सहितको संगठनात्मक स्वरूपको निर्धारणमा जोड गर्ने ।

६. संगठनात्मक अराजकता र अनुशासन हिनताको विरूद्धमा समयमानै ठोस निर्णय लिने ।

७. विचार, संगठन र संघर्षका कामहरूको अनुगमन गर्ने,

रिर्पोटिङ लिने, सबै प्रकारका तथ्याङ्कहरूलाई व्यवस्थित गर्ने ।

९. आवश्यकता अनुसार विभिन्न विभागहरू निर्माण गर्ने र परिचालन गर्ने ।

१०. देश बाहिर रहेका विद्यार्थीहरूसँग सम्पर्क गरी संगठित गर्ने आवश्यक संरचना निर्माण गर्ने ।

११. सहिद वेपत्ता र राजनीतिक कार्यकर्ताका परिवारका सदस्यलाई संगठित गर्ने ।

१२. नेतृत्व र कार्यकर्ताले जनसम्बन्ध सुदृढ गर्ने ।

१३. अन्य विभिन्न समूहमा छरिएर रहेका वामपन्थी विद्यार्थी संगठनहरूलाई ध्रुविकृत र एकताबद्ध पार्ने विशेष पहल गर्ने ।

**ग) आर्थिक कार्य :**

१. संगठनलाई आत्मानिर्भर संगठनात्मक पद्धति अनुसार चलाउन प्रयत्न गर्नुपर्ने ।

२. लेविलाई संगठनको अनुशासनको मापदण्डभित्र पार्दै नियमित गर्ने व्यवस्था मिलाउने ।

३. हरेक कमिटीहरूलाई सामुहिक उत्पादनमूलक काममा जोड्ने ।

४. खर्चमा मितव्ययिता, व्यवस्थित हिसाब र पारदर्शी गर्न प्रत्येक कमिटीमा कोष प्रणाली लागू गर्ने ।

५. आर्थिक प्रणाली सम्बन्धि आचार संहिता निर्माण गर्ने, कडाइपूर्वक लागू गर्ने ।

६. कमिटीका बैठकहरूमा सम्बन्धित कमिटीका आयव्यय विवरण अनिवार्य रूपमा प्रस्तुत गरी अनुमोदन गर्ने ।

**घ) अन्तर्राष्ट्रिय कार्य :**

१. अन्तर्राष्ट्रिय स्तरमा भाइचारा सम्बन्धलाई व्यवस्थित र संस्थागत गर्ने ।

२. सामन्तवाद र साम्राज्यवाद विरोधी विदेशी युवा तथा विद्यार्थी युवा संगठनहरूसँग कार्यगत एकता, संयूक्त मोर्चा र ऐक्यबद्धताको लागि पहल गर्ने ।

३. सबै प्रकारका न्यायपूर्ण आन्दोनलको समर्थन गर्ने ।

**ङ) सञ्चार तथा प्रकाशन सम्बन्धि कार्य :**

१. संगठनको बाह्य आन्तरिक सञ्चार प्रणालीलाई व्यवस्थित र चुस्त बनाउने ।

२ रिर्पोटिङ प्रणालीलाई व्यवस्थित गर्ने गरिने छ ।

३. संगठनको विभिन्न तथ्याङ्कहरूको अभिलेख राखिने छ ।

४. संगठनको मुखपत्र, वुलेटीन र अन्य प्रकाशनहरूलाई व्यवस्थित गरिने छ ।

५. प्रदेश, जिल्ला र क्याम्पसहरूले आवश्यकता अनुसार प्रकाशनहरू प्रकाशित गर्नसक्ने छन् ।

६. संगठनको वेबसाइट र एप्सलाई नियमित सञ्चालनमा ल्याउने ।

७. संगठनको केन्द्रीय कार्यालयमा बेनोज स्मृति पुस्तकालयलाई व्यवस्थित गरिने छ ।

**च) अतिरिक्त क्रियाकलाप सम्बन्धि कार्य :**

१. संगठनका विभिन्न समितिहरूले विभिन्न सिर्जनात्मक कामहरू गर्ने ।

२. अतिरिक्त तथा खेलकुद क्रियाकलापहरू नियमित रूपले सञ्चालन गर्ने ।

३. विद्यार्थी सहिदहरूको स्मृतिमा छात्रवृत्ति कोष स्थापना गर्ने । तत्काले केन्द्रीय समितिले रामनाथ बेनोज स्मृती छात्रवृत्ति कोष निर्माण गर्ने ।

**छ) स्ववियु सम्बन्धि कार्य :**

१. आगामी फागुनमा सम्पूर्ण विश्वविद्यालय र अन्तर्गतका क्याम्पस, कलेजहरूमा स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन सम्पन्न गर्ने । यसको तयारीका लागि संगठनले स्ववियू लक्षित कार्यक्रम सञ्चालन गरी मातहतका कमिटीहरूलाई चुस्त दुरूस्त बनाउने ।

२. स्ववियू निर्वाचन हुने विश्वविद्यालयहरूमा एक महिने विशेष स्ववियू अभियान सञ्चालन गर्ने ।

**ज) सङ्घर्ष सम्बन्धि कार्य :**

१. राष्ट्रियता, जनतन्त्र, जनजीविका र शैक्षिक मुद्दाहरूसँगै सम्बन्धित विभिन्न मागहरू प्रस्तुत गर्ने र आन्दोलन उठान

गर्ने ।

२. विभिन्न विश्वविद्यालय र मन्त्रालयहरूसँग भएका विभिन्न सहमतिहरू कार्यान्वयन गराउन परिणाममुखी आन्दोलन गर्ने । शैक्षिक संर्घषका विस्तृत कार्ययोजना माथि नै प्रस्तुत गरिसकेको छ ।
३. म्यानपावर कम्पनीका रूपमा बदलिएका संस्थाहरूलाई विशुद्ध शैक्षिक परामर्शदाता संस्थाका रूपमा सीमित गर्न संघर्ष केन्द्रित गर्ने ।
४. मेडिकल शिक्षामा राष्ट्रियकरणको बहसलाई घनिभुत बनाउँदै राष्ट्रियकरण गर्न आन्दोलन केन्द्रित गर्ने ।
५. दलाल, नोकरशाही पुँजीवादी शोषण, दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेप विरूद्ध संघर्ष गर्ने, स्वचालित राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निर्माणको बृहत् अभियानमा सहभागी बन्ने ।
६. कुरिती, अन्धविश्वास र रूढिवादको समुल अन्त्यका निम्ति सामाजिक र सांस्कृतिक रूपान्तरणका अभियान सञ्चालन गर्ने ।
७. वैज्ञानिक समाजवाद स्थापनाका निम्ति विभिन्न रचनात्मक तथा प्रभावकारी दबाव र जागरणमुखि आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने ।
८. वैदेशिक हस्तक्षेपका विरूद्ध राष्ट्रियताको पक्षमा देशव्यापी आन्दोलन सञ्चालन गर्ने, असमान सन्धि सम्झौताहरूको खारेजीको निम्ति जनजागरण अभियान सञ्चालन गर्ने ।

प्रिय साथीहरू, !

मुक्ति, स्वतन्त्रता र शैक्षिक अधिकारको संघर्षमा सयौं हाम्रा साथिहरूले आन्दोलनको क्रममा आफुलाई वलिदान गरेका छन् । आदरणीय सहिद चिनियाँकाजी देखि बेनोज अधिकारी लगायतका सयौं अमर शहीदहरू, पुर्ण पौडेल लगायतका दर्जनौं वेपत्ता साथिहरूप्रति एकताको यो महान ऐतिहासिक अवसरमा हार्दिक श्रद्धाञ्जली, उच्च सम्मान र सम्झना गरौं । प्राप्त उपलब्धिको रक्षा गर्दै समाजवाद निर्माण र समाजवादी शिक्षाको लक्ष्य प्राप्तिको आन्दोलनमा समर्पित बनौं । अखिलको नाममा बाँकी

रहेका समूहहरूलाई पनि बृहत्तर अखिलको छातामुनी आवद्ध हुन अपील गरौँ । बाटो कठिन छ तर भविष्य उजज्वल छ ।

अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) को एकता - जिन्दावाद !
वीर शहीद - लाल सलाम !
मार्क्सवाद - लेनिनवाद र जनताको जनवाद - जिन्दावाद !
शिक्षामा निजीकरण, व्यापारिकरण र माफीयाकरणको - अन्त्य गर !
समाजवादी शिक्षा प्राप्तिको लागि - सङ्घर्ष गरौँ !
सामन्तवाद तथा साम्राज्यवाद - मुर्दावाद !
दलाल तथा नोकरशाही पुँजीवाद - मुर्दावाद !
स्वाधिन र राष्ट्रिय अर्थतन्त्र - निमार्ण गरौँ !
समाजवाद निर्माणको अभियानमा - योगदान गरौँ !
अनेरास्ववियू - जिन्दावाद !

-२०७५ भाद्र ९ गते, काठमाडौं ।

*तयार पार्ने :*
*अनेरास्ववियु र अनेरास्ववियू (क्रान्तिकारी) एकता कार्यदल :*

रविन्द्र अधिकारी, इञ्चार्ज : अनेरास्ववियु
रमेश मल्ल, का.भा. इञ्चार्ज : अनेरास्ववियू (क्रान्तिकारी)
नविना लामा, अध्यक्ष : अनेरास्ववियु
रञ्जित तामाङ, अध्यक्ष : अनेरास्ववियू (क्रान्तिकारी)